# लेखापरीक्षण प्रतिवेदन
# नुवाकोट
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. कारागार कार्यालय | ३ |
| | ३.२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ३ |
| | ३.३. घरेलु तथा साना उद्योग विकास समिति | ५ |
| | ३.४. जल उत्पन्न प्रकोप नियन्त्रण नियन्त्रण डिभिजन कार्यालय नं. ११ | ५ |
| | ३.५. जिल्ला कृषि विकास कार्यालय | ६ |
| | ३.६. जिल्ला प्रशासन कार्यालय | ६ |
| | ३.७. जिल्ला प्राविधिक कार्यालय | ७ |
| | ३.८. जिल्ला विकास समिति | ८ |
| | ३.९. जिल्ला शिक्षा कार्यालय | १२ |
| | ३.१०. जिल्ला स्वास्थ्य कार्यालय | १४ |
| | ३.११. डिभिजन सडक कार्यालय | १६ |
| | ३.१२. डिभिजन सहकारी कार्यालय | १८ |
| | ३.१३. महिला तथा वालवालिका कार्यालय | १९ |
| | ३.१४. भेंडा विकास फर्म पाँचसय खोला | १९ |
| | ३.१५. जिल्ला (त्रिशुली) अस्पताल | २० |
| | ३.१६. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण उपक्षेत्रीय कार्यालय | २२ |
| | ३.१७. शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | २२ |
| | ३.१८. शैक्षिक तालिम केन्द्र | २४ |
| | ३.१९. स्थानीय विकास कोष समितिको सचिवालय | २५ |
| | ३.२०. सिचाइ बिकास डिभिजन | २५ |
| ४. | आन्तरिक लेखापरीक्षण | २६ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | २७ |
| अनुसूची २ : | बेरुजूको स्थिति | २९ |
| अनुसूची ३ : | जिम्मेवार पदाधिकारीको नामावली | ३० |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधनसहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइमात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्शाउन, त्यसमा आलोचना गर्न र रायसहितको प्रतिवेदन गर्नसक्ने व्ययस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छः

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम,बजेट र अख्तियारीको सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी, असूल एवं दाखिला र धरौटी आम्दानी कानुनसम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्लास्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षणसम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोलीसम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता।<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम २५ कार्यालयको विस्तृत र २३ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ४८ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.६ अर्ब ८ करोड ४३ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस बर्ष २७ कार्यालयको प्रारम्भिक प्रतिबेदनबाट कुल १९१ दफा र रु.२ अर्ब १२ करोड ९१ लाख ९६ हजार बेरुजु देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परिक्षण गराउन सम्बन्धित कार्यालयहरुलाइ जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म १८ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका ३९ दफा र रु.१४ लाख ५९ हजार मिलान गरी २० कार्यालयको दफा १५२ र रु.२ अर्ब १२ करोड १२ लाख ४७ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिबेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा संख्या कायम गरिएको छ। लेखा परीक्षणको क्रममा रु.४८ हजार र प्रतिक्रियाबाट रु.१९ हजार समेत रु.६७ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.३१ लाख ५१ हजार, अनियमित रु.१० करोड ५६ लाख ६६ हजार र पेश्की रु.२ अर्ब १ करोड १८ लाख २० हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारी बमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ३ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनु पर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाही सहित हानी नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा
## कारागार कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कर्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मुल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, वार्षिक खरिद योजनाको कार्यान्वयन नगरेको, रसिद नियन्त्रण खाता नराखेको, सम्भावित जोखिम परिचान नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा (८) २ को व्यवस्था पालना नगरी रु.२०६२२००। को थुनुवा तथा कैदीहरुको सिदा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारि खरिद गरेको,एक निर्माण सेवालाई रु.१६७५५। हजार धरौटी फिर्ता दिंदा कर कर चुक्ता गरेको प्रमाण संलग्न नगरेको, थुनुवा तथा कैदीहरुलाइ रु. ५४७५५०। को औषधी वितरण गरेकोमा सम्वन्धीतले बुझेको भरपाई पेश नभएको जस्ता कमी कमजोरी देखिएको छ प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **मोविलाईजेशन पेश्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम १ मा निर्माण व्यवसायीलाई बोलपत्र सम्बन्धी कागजात तथा खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिने व्यवस्था छ। कार्यालयले केन्द्रीय कारागार निर्माण कार्यक्रम अन्तर्गत पर्खाल निर्माण गर्न एक निर्माण व्यबसायीलाई मोविलाईजेशन पेश्की उपलव्ध गराएकोमध्ये रु. ६०००००। वांकी देखिन्छ। बांकी पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ७४ ले तोकेको म्याद भित्र फछ्र्योट हुनुपर्दछ।

## खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मुल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, वार्षिक खरिद योजनाको कार्यान्वयन नगरेको, रसिद नियन्त्रण खाता नराखेको, सम्भावित जोखिम परिचान नगरेको, प्रथम चौमासिकमा ठेक्का व्यबस्था नगरेको जस्ता कमीकमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **उपभोक्ता बाट कार्य :** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) मा रु.६० लाख सम्मका कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यबस्था छ। लागत अनुमान रु.१८३६१५२९९। भएको ड्वाचे खानेपानी योजनामा एउटै उपभोक्ता समितिबाट रु.१४१२३१०४। लागतको कार्य फरक फरक ५ प्याकेजको संझौता गरी गराएको छ। सिमा नाघ्ने गरी एउटै उपभोक्ता समितिबाट कार्य गराएको उपयुक्त देखिएन। त्यस्तै स्किम नं. १ अर्न्तगत संरचना निर्माणका कार्य संझौता अवधि २०७३।३।२० भित्र कार्य सम्पन्न नगरेकोमा नियम ९७(१०) अनुसार कुनै कारबाही गरेको छैन। अर्को तर्फ सि.नं. ४ र ५ को कार्य संझौता अनुसार सम्पन्न नभएकोमा पनि कुनै कारण नखोलि कार्य सम्पन्न देखाएको छ।

३. **विज्ञापन छुट :** सरकारी विज्ञापन प्रकाशन गरे वापत गोरखापत्र संस्थानले बिल रकममा २५ प्रतिशत र अन्य राष्ट्रिय दैनिक प्रकाशनले १५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ। प्रकाशन वा एजेन्सी मार्फत कारोवार गर्दा बिल रकममा छुट लिइएरमात्र भुक्तानी दिनुपर्नेमा ३ एजेन्सीको रु.१५७०१३। भुक्तानीमा रु.२३०३४। छुट लिनुपर्नेमा लिएको छैन।

४. **परामर्श खर्च :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ (२क) अनुसार खानेपानी तथा ढल निकास विभागले मातहतका निकायहरुको लागि विभागीय नर्म्स तयार गरेको देखिन्छ । कार्यालयले परामर्शदाता सँग सम्झौता गर्दा स्वीकृत विभागीय नर्म्स भन्दा वढी हुनेगरी लागत अनुमान तयार गरेको छ। पाइपलाइनको वास्तविक लम्वाई घटी भएको अवस्थामा समेत सम्झौता अनुसारको लम्वाइलाई आधार लिई भुक्तानी गर्दा रु. ८५६६०। वढी भुक्तानी भएको देखियो । स्वीकृत विभागीय नर्म्स तथा सम्पादित कार्य भन्दा वढी हुने गरी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

५. **पाईप जडान नभएको :** नेपाल सरकार (सचिव स्तर) को मिति २०६२।११।८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको च.नं. १४९९ मिति २०६३।१।३ को परिपत्रानुसार पाइप तथा फिटिङ्स/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्ने उल्लेख छ । कार्यालयले यस वर्ष जिन्सी खाताबाट खर्च जनाई सम्वन्धित योजनाको लागि निकासा गरिएका रु.३८१०६५१। को बिभिन्न साइजका पाइपहरु सम्वन्धित योजनाको नापी कितावबाट जडान गरेको नदेखिएकोले जडान कार्य नभई खर्च जनाइएको एच.डि.पि.ई.पाइप तथा जि.आई. पाइपहरु सम्वन्धित योजनामा जडान गरेको प्रमाण पेश हुनुपर्दछ ।

६. **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली २०६४ को १२४(१) बमोजिम खरिद सम्झौता वमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि करारका शर्तवमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । ठेक्का नं.११.०७२।७३ को वेतेनी ढल निर्माणं तथा प्रशोधन आयोजनाको लागि लागत मुल्य रु.५०२६५६। मध्ये उपभोक्ता समीतले २० प्रतिशत व्यहोर्ने र २०७३ जेठ मसान्तसम्म सम्पन्न गर्ने गरी २०७२।११।२ मा सम्झौता भएको देखियो । उक्त आयोजनामा डिभिजनले रु.४८४७१। भुक्तानी गरेको छ । संझौतापुर्व मुआव्जा बिवादको समाधान नगरेका कारण खर्च भएको रकम अनुत्पादक देखिन्छ ।

७. **क्षतीको बिस्तृत सर्भेक्षण :** अख्तियारी साथ प्राप्त बिभागीय निर्देशनमा भुकम्प प्रभावित आयोजनाको प्राथमिकिकरण सहितको सुची जिल्ला दैबी प्रकोप उद्धार समितिलाइ उपलव्ध गराउनु पर्ने उल्लेख भएकोमा उपलव्ध गराएको देखिएन । भूकम्पबाट क्षतिग्रस्त खानेपानी तथा सरसफाइ योजनाहरुको पुनर्स्थापना तथा पुनर्निर्माणको लागि प्राप्त रकमबाट हाल संचालन रहेका ४३ वटा खानेपानीका योजना मर्मत गरि रु.३० लाख ४२ हजार खर्च गरेको छ । भूकम्पबाट भएको क्षतीको बिस्तृत सर्भेक्षण तथा मूल्याङ्कन नगरी मागका आधारममा खर्च गरेको देखिएको छ । पुर्नस्थापनाको लागि खरिद गरिएको रु.६३५१७२। को पाइप जडान गरिएको भनेपनि जडान गरेको प्रमाण पेश भएको छैन ।

८. **बढि भूक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा बिल भर्पाइ अनुसार भूक्तानी गरिनु पर्ने उल्लेख छ । उपभोक्ता समितिको अन्तिम बिलको रु.२ लाख २२ हजार भुक्तानी गर्दा प्रथम बिलमा भूक्तानी भएको रु.६४३०४४।- घटाउनु पर्नेमा रु.६३७८२०।- मात्र घटाएकोले समितिले पाउने भन्दा बढि भूक्तानी हुन गएको रु.५२२४।- असुल गरिनु पर्ने देखिएको छ ।

९. **बढि भूक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार बिल भरपाइको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गैरा खानेपानी योजनाको उपभोक्ता समितिसंग रु. २,९६,४७१।- मात्र भूक्तानी गर्ने गरी संझौता भएकोमा रु.२,९९,८५६।- भूक्तानी गरेकोले बढि भूक्तानी भएको रु.३,३८४।- असुल गर्नुपर्ने देखिएको छ ।

## घरेलु तथा साना उद्योग बिकास समिति

१. **आन्तरिक नियन्त्रण** : कर्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मुल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, वार्षिक खरिद योजनाको कार्यान्वयन नगरेको, रसिद नियन्त्रण खाता नराखेको, सम्भावित जोखिम परिचान नगरेको, तालिम तथा गोष्ठिहरु सञ्चालन गर्दा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार नगरेको जस्ता कमीकमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **स्रोतमा कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार वासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । समितिले एक आपुर्तीकर्तालाइ रु. ५९७३२६। भुक्तानीगर्दा १.५ प्रतिशतका दरले रु. ८९६।- स्रोतमा करकट्टी गर्नुपर्नेमा नगरेकोले असुल हुनु पर्दछ ।

३. **वजेट विपरितको खर्च** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५(२क) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वजेट भित्र र सम्वन्धित खर्च शीर्षकमा परेको रकम खर्च गर्नसक्ने व्यवस्था छ । वस्तु विकास सीप अभिवृद्धि कार्यक्रमबाट दुई जना कर्मचारीलाई करारमा नियुक्ति गरी तलव भत्ता प्रयोजनमा रु.३६८५२०। खर्च गरेको छ । परामर्श सेवा शिर्षकबाट खर्च गर्नुपर्नेमा शिर्षक फरक पारी खर्च गरेको नियमित देखिएन ।

४. **कार्यक्रम वेगर खरिद** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २४ मा कार्यालयले स्थानीय परिस्थितिलाई ध्यानमा राखी स्वीकृत वजेट र आवधिक योजना अनुकूल हुनेगरी कार्यक्रम संशोधन गर्न सक्ने उल्लेख छ । समितिले २०७२।७३ को सीप विकास जनचेतना तालिम तथा गोष्ठिको २२५१२ खर्च शीर्षकबाट कार्यक्रम स्वीकृत गर्ने निकायको स्वीकृति नलिई रु. १९२९००। मा एक थान मोटरसाइकल खरिद गरेको छ । कार्यक्रम संसोधन नगरी फरक शिर्षकबाट खर्च गरेको नियमित देखिएन ।

## जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. ११

१. **आन्तरिक नियन्त्रण** : वार्षिक खरिद योजना बनाएको भए पनि सो अनुरुप खरिद कार्य नभएको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनियवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा मात्र कार्यान्वयन गरेको, मुल्य नखुलेका जिन्सी सामानको मूल्य तथा स्पेसिफिकेशन खुलाई जिन्सी खाता अध्यावद्यिक नगरेको र विभिन्न प्रकृतिको मालसामान एकै प्रकृतिको मानि एउटै खाता पानामा चढाएको, रु.१०४४२। को मनिटर यस वर्षको मौज्दात बाँकीमा नदेखाएको, र त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कारवाही समाप्त भएको मितिले एक वर्षभित्र फिर्ता लिन नआएको धरौटी रु. २३०६४६। राजस्वमा आम्दानी बांधेको देखिएन ।

२. **गैर सरकारी संस्थाबाट कार्य** : सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धि तालिम, अभिमुखिकरण,सबलिकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउन सक्ने उल्लेख छ । कार्यालयले गैर सरकारी संस्थाबाट नदि नियन्त्रणका कार्य गराइ रु.३७३९०३७९। खर्च लेखेको छ । ऐनले व्यवस्था गरेको भन्दा फरक कार्य गैर सरकारी संस्था मार्फत गराएको नियमित देखिएन । साथै आयकर ऐन २०५८ को दफा ८९ अनुसार मु.अ.करमा दर्ता नभएकाको हकमा १५ प्रतिशत करकट्टी गर्नुपर्नेमा बिल रकमको १.५ प्रतिशतमात्र कट्टा गरेकोले बिल अनुसारको रकममा रु.४३४६१३। कर कट्टी गर्नु पर्दछ ।

३. **कर कट्टी** : आयकर ऐन २०५८ को दफा ८९ मा भुक्तानी गर्दा कर कट्टी गरिनु पर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको कार्यमा बिल रकमको १.५ प्रतिशत रु.७२४६। कट्टा गर्नुपर्नेमा कट्टा नगरेकोले असुल गर्नु पर्दछ ।

## जिल्ला कृषि बिकास कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कर्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मुल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, वार्षिक खरिद योजनाको कार्यान्वयन नगरेको, रसिद नियन्त्रण खाता नराखेको, सम्भावित जोखिम पहिचान नगरेको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनियवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न नगरेको, जिन्सी खाता अद्यावधिक नगरेका, विभिन्न कृषक तथा कृषक समुहलाई बीउ आलु, सीडलिंग टयुवर, अलैंची १३२००० गोटा, सुन्तला ४५०० गोटा, अनार १६०० गोटा, लिच्ची ३६०० गोटा, कागती ३६०० गोटा र किवी ६०० गोटा गरी जम्मा १४५९०० गोटाको रु. १३,९६,०००।- मूल्य वरावरका विरुवा वितरण गरेकोमा प्रभावकारी व्यवस्थापनका सम्बन्धमा स्थलगत अवलोकन गरी प्रतिवेदन तयार नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा (८) २ को व्यवस्था प्रतिकुल हुनेगरी आर्थिक वर्ष भरी १२ पटकमा रु.१४ लाख वरावरको सिलपोलिन प्लाष्टिक, मकै, विउ तथा कृषि सामग्री टुक्रा टुक्रा गरी खरिद गरेको जस्ता व्यहोराहरु देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **गत वर्षको भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा भूक्तानी दिन बाकी रकम प्रमाणित गराई राख्नु पर्ने र त्यसलाई आर्थिक विवरणका साथ सम्वन्धित निकायमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले २०७२/७३ को श्रावण महिनामा तलव भुक्तानी गर्दा २०७१/७२ को छुट तलव भनी एक कर्मचारीलाई रु. २६,००४।- भुक्तानी दिएको छ । भुक्तानी दिन वाँकीको कच्चावारी बेगर भुक्तानी गरेको नियमित देखिएन ।

३. **कर कट्टी** : आयकर ऐन, ५८ को दफा ८७ अनुसार वासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भुक्तानी गर्दा करकट्टी गरेका रु.१,७७०।- दाखिला गरेको पाइएन । कर कट्टी रकम नियमानुसार दाखिल गर्नु पर्दछ ।

## जिल्ला प्रशासन कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कर्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मुल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, वार्षिक खरिद योजनाको कार्यान्वयन नगरेको, रसिद नियन्त्रण खाता नराखेको, सम्भावित जोखिम परिचान नगरेको, दैनिक तथा भ्रमण भत्ताको बिल भुक्तानी गर्दा अनियवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न नगरेको, जिन्सी खाता अध्यावध्यिक नगरेको जस्ता कमीकमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लेखाढाँचाको प्रयोग** : आर्थिक कार्यविधि ऐन २०५५को दफा १०(१) मा कारोवारको लेखा स्वीकृत ढाँचा बमोजिम राख्नुपर्ने उल्लेख छ । कार्यालयले गरेको दैनिक नगद आम्दानीको नगदी रसिद काटेको भएपनि दैनिक आम्दानीको दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं.१०८) राखेको छैन । राजस्व आम्दानी देखाउने दैनिक नगद प्राप्ती खाता (म.ले.प.फा.नं.१०८क) राखेको देखिएन ।

यसबाट कार्यालयमा प्राप्त संपूर्ण रकम समयमा दाखिला भए नभएको एकिन गर्न सकिएन । तसर्थ कार्यालयले स्वीकृत ढाँचाका म.ले.प. फारम प्रयोगमा ल्याउन ध्यान दिनुपर्छ ।

३. **नगदि रसिद उपलब्धता :** कार्यालयले नगदी रसिदको आम्दानी खर्च र बाँकीको हिसाव दुरुस्त राख्नु पर्छ । कार्यालयले राखेको अभिलेख अनुसार यो बर्ष र.नं. ०१ देखि ८००० सम्मका नगदी रसिद प्याड चलनमा ल्याएको देखाए तापनि र.नं. ४०० देखि ४५० सम्मको १ ठेली लेखापरिक्षणको लागि उपलव्ध हुन सकेन । तोकिएको ढाँचामा लेखा राखी प्रयोग भएको नगदि रसिद लेखापरिक्षणको लागि पेश गर्ने व्यबस्था हुनु पर्दछ ।

४. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ७४ ले तोकेको म्याद भित्र फछ्र्यौट गर्नु पर्नेमा भुकम्प पिडितहरुका लागि राहत बितरण गर्न १ नगरपालिका तथा ४८ गाउ विकास समितिलाइ उपलव्ध गराएको रु.१,७५,८८,०३,०००।- पेश्की फछ्र्यौट भएको नदेखिएकाले अनुसार असुल फछ्र्यौट गर्नु पर्दछ ।

## जिल्ला प्राबिधिक कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कर्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मुल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, वार्षिक खरिद योजनाको कार्यान्वयन नगरेको, रसिद नियन्त्रण खाता नराखेको, सम्भावित जोखिम परिचान नगरेको, दैनिक तथा भ्रमण भत्ताको बिल भुक्तानी गर्दा अनियवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न नगरेको, जिन्सी खाता अध्यावध्यिक नगरेको जस्ता कमीकमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य प्रगति** : कार्यालयले पेश गरेको २०७२।७३ को वार्षिक प्रगति प्रतिवेदन अनुसार ३ वटा कार्यक्रम अन्तर्गत् ६९ योजनाहरुमध्ये २५, ५० र ७५ प्रतिशतसम्म प्रगति भएका योजनाको संख्या क्रमशः १, २ र २४ रहेको छ भने १८ वटा योजनाको प्रगति शून्य रहेको छ । समयमै कार्यक्रम स्वीकृत गर्ने, ठेक्का व्यवस्थापन गर्ने र कार्य सम्पन्न गरी शतप्रतिशत प्रगति हासिल गर्ने व्यवस्था मिलाउनुपर्ने देखिएको छ ।

३. **खर्च स्थिति** : पूंजीगत तर्फ रु. ५ करोड ३२ लाख २४ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा रु. ५४ लाख ४८ हजार (१०.२३%), दोस्रो चौमासिकमा रु. १ करोड ५ लाख ३६ हजार (१९.७९%) र तेस्रो चौमासिकमा रु.३ करोड ७२ लाख (६९.९८%)खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु. २ करोड ८५ लाख (५३.५४%) खर्च गरेको पाइयो । अन्तिम चौमासिक र असार महिनामा एकैसाथ ठुलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुगमन सुपरिवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्न नदिन योजनाबद्ध रुपमा समयमै कार्यहरु संचालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

४. **ठेक्का प्रतिष्पर्धा :** सार्वजनिकखरिद ऐन, २०६४ को दफा २६(६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ । लेखापरीक्षणमा प्रस्तुत बोलपत्र बिवरण अनुसार आ.व. ०७२/७३मा ६ वटा निर्माण योजना ठेक्काका लागि ८६ बोलपत्र बिक्री भएकोमा १७ बोलपत्रमात्र दाखिला भएको छ । यसरी विकीको तुलनामा १९.७७ प्रतिशत मात्र दाखिला हुनु र उक्त निर्माण ठेक्काहरुको लागत अनुमान र स्वीकृत ठेक्का अंक बिच तुलना गर्दा १ ठेक्कामा लागत अनुमानको तुलनामा २९.८८ प्रतिशत घटी रहेको छ भने वांकीअन्य ५ वटा ठेक्कामा कामको ४.९३ प्रतिशत देखि ६.६७ प्रतिशतसम्म घटीमा ठेक्का स्वीकृत भएको देखिन्छ ।

यसबाट निर्माण ठेक्कामा वित्तीय प्रस्ताव बीच पर्याप्त प्रतिष्पर्धा भएको छ भनी यकिन गर्न सकिएन ।

५. **मूल्य समायोजन :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ (२ख) मा मूल्य समायोजन गर्ने शुत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणहरुको मात्र मूल्य समायोजन हुने गरी शुत्र निश्चित गरी खरिद सम्झौताको मूल्य समायोजन गर्न सकिने उल्लेख छ। कार्यालयले २०७२/७३ मा ठेक्का नं. एस.एन.आर.टि.पी.१६.३ यु.जी.०७१।७१ को सन् २०१४ जुन देखि २०१५ को मे सम्मको कामको मासिक प्रगति प्रतिवेदन अनुसारको कामको मूल्यांकनमा रु. २७,५६,६०४।- (मू.अ.कर सहित)मुल्य बृद्धी भुक्तानी गरेको देखियो । कार्यालयले मूल्य समायोजनको लागिवोलपत्र पेश गर्नु पर्ने अन्तिम मितिभन्दा ३० दिन अगाडिको मूल्य सूचकांकलाई आधार लिने भने पनि थोक मूल्य सूचकांक हो वा उपभोक्ता मूल्य सूचकांक हो इनभोइसिङ गर्दा समेत कुन सूचकांकलाई लिने भन्ने उल्लेख भएको छैन। कार्यालयले सम्झौतामा उल्लेख नगरिएको अवस्थामा सूचकांक मध्येको न्यून हुने थोक मूल्य सूचकांकलाई आधार लिदा रु. २४,८०,७३७- मात्र भुक्तानी हुने देखिन्छ। यसरी मूल्य सुचकांक नखोलेकाले वढी सुचकांकका आधारमा भुक्तानी भएको सम्बन्धमा स्पष्ट गरी सो रकम सम्वन्धितबाट असुल गर्नुपर्ने देखिन्छ ।

६. **जनसहभागिता** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९को नियम ३०(२) मा स्थानीय निकायबाट तोकिएको सहभागिताको अंशलागू हुने व्यवस्था रहेको छ । कार्यालयले वि.पि.स्मृति निर्माणका लागि निर्माण उपभोक्ता समितिलसँग रु.१,९०,४३१।- को सम्झौता गरी रु.१,७५,९५६।- को मूल्यांकन भएकोमा सहभागिताको अंश कटाइ रु.१,५०,७९५।- भुक्तानी हुनुपर्नेमा रु. १,६३,२००।- भुक्तानी भएकोले रु. १२,४०५।- वढी भुक्तानी भएको छ । बढि भूक्तानी भएको रकम असुल गर्नु पर्दछ ।

## जिल्ला बिकास समिति

१. **आन्तरिक नियन्त्रण** : कर्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। वार्षिक खरिद योजना बनाएकोमा सोको कार्यान्वयन नभएको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा मात्र कार्यान्वयन भएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनको कार्यान्वयन नभएको, परियोजनाले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु परिचान नगरेको, आन्तरिक लेखापरीक्षण शाखाले बेरुजूको लागत राख्ने, अनुगमन गर्ने, सम्परीक्षण गर्ने र असूलको लागि ताकेता नगरेको, आन्तरिक लेखापरीक्षकले औल्याएका बेरुजूहरु अन्तिम लेखापरिक्षण हुनुभन्दा अगावै फछ्यौट गरी सोको लगत कट्टा तथा सुझाव कार्यान्वयन नगरेको जस्ता आन्तरिक नियन्त्रण प्रणालीमा कमजोरी देखिएको छ ।

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन निर्देशिका, २०६९ को बुदा नं. ११(२) विपरित रु.५ लाखभन्दा कमका ८८ योजनामा रु. १ करोड २४ लाख ७९ हजार विनियोजन तथा खर्च गरेको, सामाजिक सुरक्षाकार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को दफा २३ (१) अनुसार निरिक्षण र अनुगमन नगरेकाले आषाढ मसान्तभित्र उमेर पुग्ने नागरिकहरुको नामावलीको संख्यामा साथै चौमासिक, वार्षिक विवरणमा समेत केरमेट गरेको,टिपेक्स लगाएर सच्चाइएको र वितरण गरेको भरपाईमा बुझ्ने व्यक्तिको सहिछाप हटाइएको, दोहोरो परेको, मृत्यु भएको जस्ता शव्द उल्लेख गरेर नामकाटेको देखिएको, भ्रमण खर्च नियमावली, २०६४ को नियम १८(१) निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम सम्वन्धी आयोजनाहरुमा रु. ६,२१,९९,००४।- खर्च गरेकोमा समितिले अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन नलिएको,

स्थानीय निकाय (आथिक प्रशासन) नियमावली २०६४ को नियम १५५ (च) मा उपभोक्ता समितिले ठेकेदारवाट काम गराउन नहुने र सोही नियमको उपनियम (झ) मा मेसिनरी बढी प्रयोग हुने काम उपभोक्ता समितिलाई दिन नहुनेमा आ.व. ०७२/७३ मा परीक्षण गरेका ९८ योजनामा रु. ३,२३,९०,२६७।- को कार्य ठेकेदार मार्फत डोजर, एस्काभेटर प्रयोग गरी कार्य गरेको, आ.ब.को अन्तमा बाकी रहेको धरौटी ३३,२०,५७७।- मध्ये म्याद नाधेको धरौटी सदर स्याहा गरिनु पर्नेमा नगरेको जस्ता ऐन नियमको पालनामा कमी कमजोरी देखिएकोले आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२. **अनुगमन तथा मूल्याङ्कन** : निर्बाचन क्षेत्र पूर्वाधार बिषेश कार्यक्रम नियमावली, २०७१ को नियम १४ मा संविधानसभा सदस्यको संयोजकत्वमा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अनुगमन समिति गठन गरी सो समितिले अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । साथै सोही नियमको १३(३) मा तोकिएको दरको कन्टिन्जेन्सी वापतको रकम वैठक सञ्चालन, कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन, समिक्षा तथा अन्य प्राविधिक कार्यमा विनियोजन गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयले निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र निर्वाचन विकास कार्यक्रमको अनुगमनका लागि गठन भएको समितिबाट कार्यक्रमको सुपरिवेक्षण गरी अनुगमन प्रतिबेदन लिने व्यबस्थाको पूर्ण कार्यान्वयन गरेको छैन । नियमको पालना गरी अनुगमन एवं सुपरिबेक्षण गर्नु पर्दछ ।

३. **जनसहभागिता** : निर्बाचन क्षेत्र बिकास कार्यक्रम संचलन कार्यबिधि २०५८ को नियम ३.ग.मा २० प्रतिशत जनसहभागित रहनु पर्ने उल्लेख छ । निर्वाचन क्षेत्र बिकास कार्यक्रममा छुट्याएको रकम सम्बन्धित गाऊ बिकास समितिमा पठाएको छ । ती योजनाहरुको कार्य सम्पन्न प्रतिबेदन जिल्ला बिकास समितिमा नरहेकोले जन सहभागितको अंश खुल्न सकेन ।

४. **प्रोत्साहन भत्ता सूचकांक** : आ.व. ०७२/७३ को गाविस सचिवहहरुको प्रोत्साहन भत्ताको मूल्यांकन फारममा सामाजिक सुरक्षा भत्ता वितरण सूचकांकमा शत प्रतिशत अंक प्रदान गरिएको छ । गाविस सचिवहरुलाई ३ महिनाको प्रोत्साहन भत्ता स्वरुप रु. १०,४९,९८६।- भुक्तानी गरेको देखिन्छ । सामाजिक सुरक्षा भत्ताको पेश्की अषाढ २६ भित्र फछ्र्यौट गर्नुपर्नेमा पेश्की वांकी रहेको पाइयो । यसरी कार्यसम्पादन सूचकांकको प्रभावकारी अनुगमन नहुंदा स्रोतसाधन खर्च हुने तर सेवाग्राही लाभन्वित हुन नसक्ने भएकोले प्रोत्साहन भत्ता रकम उपलव्ध गराउंदा कार्यालयबाट सूचकांकको वस्तुगत अनुगमन हुन आवश्यक देखिन्छ ।

५. **गाउं विकास समिति अनुदान** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७ मा गाउं विकास समितिमा अनुदान गएको रकममध्ये भुक्तानी गर्नुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्ने र बचत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष २०७१।७२ को अन्तिम लेखापरीक्षण भएका गाउं विकास समितिहरुमध्ये कार्यालयले समिति अन्तर्गतका १० वटा गाउं विकास समितिको वित्तीय विवरण छनौटको आधारमा परीक्षण गर्दा ती गाउं विकास समितिहरुले अनुदान प्राप्त गरेको निकासा समेत गाविसको अन्य मौज्दात एकमुष्ठ देखाएको कारण निकासाको बांकी रकम यकिन गर्न सकिएन । उक्त रकममध्ये गाउं विकास समितिमा गएको अनुदानबाट खर्च भई बांकी रकम यकिन गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

६. **पेश्की** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ७४ मा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नु पर्ने उल्लेख छ । ग्रामिण खानेपानी तथा सरसफाइ तर्फ चाउथे खानेपानी उपभोक्ता

समितिलाइ गएको योजना निर्माण पेश्की रु. १५०००।- आर्थिक बर्षको अन्त सम्ममा पनि फछ्र्यौट नगरेकोले नियमानुसार फछ्र्यौट गर्नु पर्दछ ।

७. **कार्य सम्पन्नः** स्थानीय निकाय (आर्थिक प्रशासन) सम्बन्धी नियमावली २०६४ को नियम १५५ (च) उपभोक्ता समितिले समयमा काम गराउन नसकेमा काम गर्न सक्ने वा नसक्ने के हो जवाफको लागि आबश्यक म्याद दिइ नसक्ने भएमा सम्बन्धित स्थानीय निकायले यी नियम बमोजिम वा अन्य प्रक्रियाबाट गराउन सक्ने उल्लेख छ । स्थानीय यातायात पूर्वाधार तर्फ खैरेनी. काफलपानी, दानसिङ ग्रामिण सडक निर्माणका लागि उपभोक्ता समितिसंग रु. ५८५५७८।- को लागतमा ०७३।३।१५ भित्रमा कार्य सम्पन्न गर्नेगरी ०७२।१०।२४ मा संभौता भै रु. २९७६००।- भुक्तानी गरिएकोमा संभौता अवधि भित्रमा पनि कार्य सम्पन्न नगरेकोमा पनि कुनै कारबाही गरेको छैन । संभौता कार्यान्वयन गरी समयमा कार्य सम्पन्न गर्नु गराउनु पर्दछ । त्यसैगरी झोलुरेपुल क्षेत्रगत कार्यक्रम तर्फ स्याउरी डाडा झोलुरेपुल निर्माणका लागि उपभोक्ता समितिसंग ०७३।३।१५ भित्रमा कार्य सम्पन्न गर्नेगरी ०७१।११।२७ मा संभौता भै रु.७२५०००।- भुक्तानी गरिएकोमा संभौता अवधि भित्रमा पनि कार्य सम्पन्न नगरेकोमा पनि कुनै कारबाही गरेको छैन ।

८. **पेश्की :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ७४ मा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नु पर्ने उल्लेख छ । १२ उपभोक्ता समितिलाइ गएको योजना निर्माण पेश्की रु. ३१,१०,०००।- आर्थिक बर्षको अन्त सम्ममा पनि फछ्र्यौट नगरेकोले नियमानुसार फछ्र्यौट गर्नु पर्दछ ।

९. **सामाग्री प्रयोग :** साना सिचाइ तथा नदि नियन्त्रण तर्फ ग्याबियन जाली २८१८१, १०८१२, २४५ थान एक कम्पनीबाट रु६९९,८७६।- मा खरिद गरी भूक्तानी गरिएकोमा स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ७६ र ७७ अनुसार दरभाउ पत्रको माध्यम द्वारा खरिद गरिनु पर्नेमा सिधा खरिद गरेको नियमित नदेखिएको एवं स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० र अनुसुची ६३ मा खरिद गरिएका माल सामान सम्बन्धिन योजनामा जडान गरिएको परिमाण सम्बन्धित नापी किताबमा प्रबिष्ट हुनुपर्ने उल्लेख छ । नापीमा उल्लेख भएको नदेखिएकोले सम्बन्धित योजनाको नापी किताबमा प्रबिष्ट हुनु पर्दछ ।

१०. **कार्य सम्पादन :** नुवाकोट जिल्लाको चाउथे र धादिङको जिवनपुर बिचको कोल्पु खोलामा निर्माण गरिने पुलको लागि रु.३,१५,१५,६३०।- (मु.कर बाहेक) लागत अनुमान रहेकोमा एक निर्माण व्यवसायीको रु.२,२७,६८,५६०।- (मु.कर समेत) को बोलपत्र स्विकृत गरी ०७३।९।१८ भित्र कार्य सम्पन्न गर्ने गरी संभौता भै प्रथम बिलको रु.४०,२०,६७५।- भूक्तानी गरिएकोमा निम्न व्यहोरा देखिएको छ ।

१०.१ सार्बजनिक खरिद नियमावली २०६४ को नियम ६५ को उपनियम २,३,४ मा बोलपत्रदाताले सन्तोषजनक रुपमा काम गर्न नसक्ने गरी न्युन कबोल गरेको वा फ्रण्ट लोडिङ भएको अबस्थामा कबोल अङ्कको थप ८ प्रतिशत कार्य सम्पादन जमानत लिनु पर्ने उल्लेख गरेको छ। बोलपत्रदाताको बोल अङ्क ३३ प्रतिशत घटि रहेको र मू.अ.कर बाहेक फ्रण्ट लोडिङ रु१५,५०,०८३।- रहेकोमा मूल्याङ्कन समितिले स्पष्टिकरण माग गर्ने तथा थप जमानत लिएको देखिदैन ।

१०.२ बोलपत्रदातालाइ सानिमा बिकास बैंकको १४।९।२०१६ र ४।१०।२०१६ सम्म मात्र मान्य अबधि रहेको रु.१९,००,०००।- र रु.२०,००,०००।- को कार्य सञ्चालन पेश्की जमानत लिइ रु. ३९,००,०००।- पेश्की उपलब्ध गराएकोमा जमानतको मान्य अवधि समाप्त भएकोमा म्याद थप

गरेको देखिदैन भने अर्को तर्फ उक्त पेश्की रु.३९,००,०००।- समेत फछ्र्यौट भएको नदेखिएकोले जमानतको म्याद थप गरी पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

१०.३ बोलपत्रदाता संग भएको संझौतामा टेक्नीकल स्पेशिफिकेशन संलग्न नगरेको र बि.ओ.क्यु. मा प्रयोगशाला परिक्षणका लागि मू.अ.कर बाहेक रु२,००,०००।- को व्यबस्था रहेकोमा कुन कुन परिक्षण गरिनु पर्ने हो स्पष्ट नभएको र परिक्षण प्रतिबेदन पनि संलग्न नगरेकोले प्रतिबेदन पेश हुनु पर्ने देखिन्छ ।

११. **परिक्षण प्रतिबेदन** : एक वोलपत्रदाताबाट बिद्युत पोल तथा ए.सि.आर.एस. कण्डक्टर खरिद गरी रु.२२३४२३६।- भुक्तानी गरिएकोमा बोलपत्रदातासंग भएको संझौताको प्राबिधिक स्पेशिफिकेशन अनुसार बिद्युत पोल तथा ए.सि.आर.एस. कण्डक्टर को संझौतामा तोकिए अनुसारको गुणस्तर भएको हुनुपर्ने उल्लेख गरेकोमा तदनुरुप स्पेशिफिकेशन ले तोकेको परिक्षण प्रतिबेदन नभएकोमा पनि सामान आपुर्ती लिएको देखिएकोले संझौताअनुसारको प्रतिबेदन पेश हुनुपर्ने देखिन्छ ।

१२. **कार्य सम्पन्न** : स्थानीय निकाय (आर्थिक प्रशासन) सम्बन्धी नियमावली २०६४ को नियम १५५ (च) मा उपभोक्ता समितिले म्याद भित्र काम गर्न नसकेमा सम्बन्धित स्थानीय निकायले अन्य प्रक्रियाबाट गराउन सक्ने उल्लेख छ । हल्देकालिका –फलाटे–सिम्ले– चोकदे सडक र रसोदे–साहुगाउ–देउराली सडक योजना निर्माणका लागि उपभोक्ता समितिसंग संझौता गरी ०७३।३।३० भित्रमा कार्य सम्पन्न गर्नेगरी रु.१८,८५,६७४।- भुक्तानी गरिएको छ । संझौता अवधि भित्रमा कार्य सम्पन्न नगरेकोमा पनि कुनै कारबाही गरेको छैन ।

१३. **गा.वि.सं. अनुदान** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७ मा आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको नेपाल सरकारबाट निकासा भएको सबै निःशर्त, सशर्त, पूँजीगत तथा चालु अनुदान स्थानीय निकायको मूल कोषमा फिर्ता गर्नु पर्ने र फिर्ता भएको रकम मध्ये नेपाल सरकारबाट प्राप्त रकम को.ले.नि.का.को खातामा फिर्ता गर्नु पर्ने व्यवस्था छ । यस जिल्ला विकास समिति अर्न्तगतका ६१ वटा गाउ विकास समितिको कार्यालय मध्ये नमुना छनौटको रुपमा ११ वटा गाउ विकास समितीको आय व्यय विवरण, आ.ले.प. प्रतिवेदन परिक्षण गर्दा ती गाविसहरुका खर्च हुन नसकेको र उक्त रकम कार्यविधिमा व्यवस्था भए अनुसार रु.२,१४,७७,२९४/- खातामा फिर्ता भएको देखिएन । उक्त रकम फिर्ता गरेको प्रमाण प्रस्तुत हुनु पर्दछ ।

१४. **कार्य स्वीकार प्रतिवेदन** : सार्वजनिक खरिद नियमावली २०६४ को १२४.१ बमोजिम खरिद सम्झौता वमोजिम सम्पन्न भएको कार्य स्विकार प्रतिबेदन तयार गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । तारकेश्वर मन्दिर निर्माणको लागि लागत मुल्य रु. ६,५७,१९७।- मध्ये जिल्ला विकास समितीले रु.५,७६,०००।- दिने र उपभोक्ता समितीले रु.८१,१९७।- व्यहोर्ने गरि मिती २०७३।२।२३ मा सम्झौता भएकोमा रु.५,०५,०००।- भुक्तानी गरिएको छ । सम्झौता वमोजिम सम्पन्न भएको कार्यको कार्य स्विकार प्रतिबेदन तयार गरेपछि अन्तिम भुक्तानी दिनुपर्नेमा कार्य स्विकार प्रतिवेदन विना मुल्याकंनको आधारमा भुक्तानी गरेको नियमित नदेखिएकोले नियमानुसार कार्य स्विकार प्रतिबेदन तयार भएपछि मात्र भूक्तानी गर्नु पर्दछ ।

१५. **सामाजिक सुरक्षा वितरण** : सामाजिक सुरक्षाकार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को दफा १८ अनुसार गाविस नगरपालिकाले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ता,वृत्ति,अनुदान चौमासिक वार्षिक विवरण अद्यावद्यिक गर्नुपर्ने र दफा १९ वमोजिम पारदर्शिता कायम राख्नुपर्ने व्यवस्था छ । कार्यालयले नुवाकोट जिल्लाभित्रका गाउ विकास समितिले जिल्ला विकास समितिमा पेश गरेको आर्थिक वर्षको आषाढ मसान्तभित्र उमेर पुग्ने नागरिकहरुको नामावलीको आधारमा जिल्ला विकास

समितिले तयार पारेको लिष्ट र गाउ विकास समितीले वितरण गरेको भरपाईको आधारमा परिक्षण गर्दा जेष्ठ नागरिकहरुको लगत भन्दा वितरण वढी देखियो । सो सम्वन्धमा ७० वर्ष उमेर पुगेका र चालु आ.व. ०७२/७३ को भत्ता प्राप्त गर्ने सूचीमा नाम समावेश भएका लाभग्राहीहरुलाई साविकमा दिइआएको मासिक रु. ५०० भत्ताको अतिरिक्त थप मासिक उपचार खर्च रु. ५००। उपलन्ध गराउंदा जेष्ठको संख्या वढेको र त्यति नै संख्या एकल तथा विधवाको घटेको आधारमा सामाजिक सुरक्षा वितरणमा जेष्ठ नागरिको संख्या वढी तथा कुल संख्यामा वढी नदेखिएको भन्ने कार्यालयको भनाई रहेको छ ।

१६. **पेश्की** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ७४ मा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नु पर्ने उल्लेख छ । ३१ गाउ बिकास समिति तथा १ नगरपालिकालाइ गएको जेष्ठ नागरीक अशक्त,अपार,लोपोन्मुख जाति तथा एकल महिला सामाजिक सुरक्षा कार्यक्रमको पेश्की रकम रु.९,१७,७७,५२०।- फछ्र्यौट नगरेकोले नियमानुसार फछ्र्यौट गर्नु पर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने व्यबस्थाको मूल्यांकन गर्दा दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनियवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा कार्यान्वयन भएको छ, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामान मर्मत, संभार र लिलाम बिक्री नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप नलगाएको, परियोजनाले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको , आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ८०.१ वमाजिम नाम नामेसी र प्रयोजन खुलाइ पेश्की अद्यावधिक अभिलेख नराखेको, आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९२.१. बमोजिम रसिद नियन्त्रण खाता नराखेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६७ वमोजिम नामनामेसी नखुलेको विगत वर्ष देखिको धरौटी २०,५६३।४० फिर्ता वा सदरस्याहा नगरेको जस्ता व्यहोरा देखिएको छ ।

२. **तलव खर्च** : निजामती सेवा ऐन २०४९ बमोजिम जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित तलवी प्रतिवेदनका आधारमा तलव खुवाउन पर्ने व्यवस्था छ । कार्यालयले यो वर्षमा एक कर्मचारीलाई पारीत ग्रेड रु १६०० र प्राविधिक ग्रेड तर्फ रु ३२० गरि जम्मा रु १९२० खुवाउनुपर्नेमा रु २४००।-का दरले भूक्तानी भएको छ । यसरी सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारीत गरेको ग्रेड भन्दा मासिक रु ४८०। बढी भुक्तानी भएकोमा वार्षिक ग्रेड र कं.स. कोष थप गरि हुने रु ६,८६४।- असुल हुनुपर्दछ ।

३. **बाल बिकास केन्द्र** : बिद्यालय सुधार कार्यक्रम तर्फ बाल बिकास केन्द्रका लागि रु १,८५,३१,०००।- भूक्तानी गरिएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिकाको १.१.२.१ र १.१.२.१.२ मा सहयोगी कार्यकर्ताको परिश्रमिक निकासा दिदा बाल बिकास केन्द्र व्यबस्थापन समिति वा मातृ बिद्यालयबाट हाजिरी प्रमाणित र सिफारिश अनिबार्य लिनु पर्ने उल्लेख गरेको मा हाजिरी प्रमाणित श्रेस्ता साथ राखेको छैन । साथै केन्द्रलाइ रकम निकासा दिनु पर्दा फ्ल्यास फाराम अनिवार्य रुपमा भर्ने व्यबस्था मिलाउने र तोकिए बमोजिम बिद्यार्थी संख्या नभए बन्द गर्ने, समायोजन गर्ने वा पुनर्बितरण गर्ने उल्लेख भएकोमा देहायका बिद्यालयहरुमा फ्ल्यास फाराम बिद्यार्थी नभएको र फ्ल्यास फाराम नभरेकोमा समेत सहयोगी कार्यकर्ताको परिश्रमिक रु १०,४०,०००।- निकासा दिएको देखिएको छ

। बिद्यार्थी नभएको अवस्थामा समेत बाल बिकास केन्द्र बन्द वा समायोजन नगरी पारिश्रमिक निकासा दिएको नियमित देखिदैन भने एक बिद्यालयमा एकमात्र बालबिकास केन्द्र रहनु पर्नेमा सो भन्दा बढि बाल बिकास केन्द्र रहेकोमा पनि समायोजन गरेको देखिएन । अतः कार्यालयले निर्देशिकाको व्यबस्था पालना गर्नु पर्ने देखियो ।

४. **नन स्यालरी अनुदान** : कार्यक्रम कार्यान्वयन पुस्तीकामा पि.सि.एफ.नन् स्यालरी अनुदान उपलव्ध गराउनका लागि बिद्यार्थी संख्या यकिन गरी सो बिद्यार्थी संख्याको आधारमा उक्त अनुदान उपलव्ध गराउनु पर्ने उल्लेख छ । यो आर्थिक बर्षमा अनुदान उपलव्ध गराउदा फ्ल्यास फाराम मा उल्लेख भएको बिद्यार्थी संख्याले हुने भन्दा बढि रु १९,८५,८१२।- तथा पछि यकिन गरिएको भनिएको भन्दा पनि फरक पर्ने गरि रु १४,७८,५९२।- अनुदान उपलव्ध गराएको देखिएकोले बिद्यार्थी संख्या फरक पर्ने गरी अनुदान निकाशा दिएको सम्बन्धमा स्पष्ट गरिनु पर्ने देखिएको छ ।

५. **बिद्यार्थी संख्या** : कार्यक्रम कार्यान्वयन पुस्तीकामा छात्रबृत्ती बापत रकम उपलव्ध गराउनका लागि बिद्यार्थी संख्या यकिन गर्ने बिवरण, फ्ल्यास फाराम छात्रबृत्ती पाउनेको नाम नामेसी सहितको बिवरण तथा भुक्रानी भर्पाइको आधारमा रकम उपलव्ध गराउनु पर्ने उल्लेख गरेको छ । यो बर्ष बिभिन्न छात्रबृत्ती अनुदान रु.२४,१३,०००।- उपलव्ध गराएकोमा फ्ल्यास फाराम मा ती छात्रबृत्ती पाउने बिद्यार्थी उल्लेख भएको देखिदैन भने बिद्यार्थी संख्या यकिन गर्ने बिवरण तथा भुक्तानी भर्पाइ समेत राखेको छैन । निर्देशिकाको व्यबस्था अनुसार रकम उपलव्ध गराउनु पर्दछ ।

६. **बढि खर्च** : कार्यक्रम कार्यान्वयन पुस्तीकामा कक्षा ८ परिक्षा सुदृढीकरणका लागि प्रति बिद्यार्थी रु ११०। ले खर्च लेख्न मिल्ने उल्लेख गरेको छ । यो बर्ष कक्षा ८ परिक्षा संचालन खर्च रु ५८९०००।- देखाएको छ । फ्ल्यास फाराम अनुसार सो कक्षामा ४८१४ बिद्यार्थी रहेको देखाएको र सो संख्याका आधारमा रु ५२९५४०।- मात्र खर्च गर्न सकिने देखिदा कार्यक्रम कार्यान्वयन पुस्तीका उल्लेख भएभन्दा बढि खर्च देखाएको रु ५९४६०।- असुल हुन पर्दछ ।

७. **कार्य सम्पन्न प्रतिबेदन** : कार्यक्रम कार्यान्वयन पुस्तीकाको २.३ भौतिक सुधार बिस्तार कार्यक्रम कार्यान्वयन मा भएका कार्यको नापी किताब र सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिबेदन तयार गरिनु पर्ने उल्लेख गरेको छ । यो बर्ष बिद्यालय भौतिक सुधार कार्यका लागि २,७३,००,०००।- बिद्यालयहरुको खातामा निकासा गरिएकोमा सोको नापी किताब तथा कार्य सम्पन्न प्रतिबेदन तयार गरेको नदेखिएकोले कार्य सम्पन्न प्रतिबेदन पेश गरिनु पर्दछ ।

८. **शिक्षकहरुको ग्रेड भुक्तानी** : शिक्षा नियमावली, २०५९ को नियम १६ मा सामुदायिक बिद्यालयका शिक्षकहरुको तलवी प्रतिवेदन पारित गराउनु पर्ने व्यवस्था छ । कार्यालयले शिक्षक शिक्षिकाहरुको आ.ब. २०७२।७३ को तलवी प्रतिवेदन शिक्षक कितावखानावाट पारित प्रतिबेदन मध्ये नमुना छनौटका आधारमा १९ बिद्यालयका ५९ शिक्षकहरुको तलवी प्रतिवेदन परिक्षण गर्दा बढी ग्रेड पारित गरेको तथा पारित तलवी प्रतिवेदन भन्दा रु २,७९,४५६।- बढी भुक्तानी गरेको देखिंदा अन्य बिद्यालयका शिक्षकहरुलाई समेत बडी ग्रेड भुक्तानी भएको हुनसक्ने अवस्था देखिन्छ । अतः सवै विद्यालयका शिक्षकहरुलाई भुक्तानी ग्रेड रकम सही र यथार्थता भए नभएको छानबिन गरी नियमले पाउने भन्दा बढी भुक्तानी भएको ग्रेड रकम असूल हुनु पर्दछ ।

९. **गत वर्षको भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) वमोजिम बिगत बर्षको भूक्तानी दिन बाकी रकम भएमा भुक्तानी दिन वाँकीको कच्चावारी प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । कार्यालयले २०७२/७३ को प्रथम चौमासिक तलव भत्ता निकासा गर्दा छुट भएको भनी रु. १५००० ।-विन्दु केशर उ.मा.वि.को नाउँमा निकासा दिंदा भुक्तानी वाँकीको कच्चावारी (म.ले.प.फारम नं.१८) प्रमाणित गरी भुक्तानी गरेको पाइयो । भुक्तानी दिन वाँकीको कच्चावारी प्रमाणित नगराई भूक्तानी गर्न मिल्ने देखिएन ।

१०. **पारिश्रमिक कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८७ अनुसार दुइ स्रोतव्यक्तिको पारिश्रमिक कर रु.१५,०३५।- कटाएको नपाइएकोले सो रकम असुल गरी दाखिला हुनु पर्दछ। साथै कार्यालयले स्रोतमा करकट्टी गरेको रु.१८,६९५।- दाखिला गर्नुपर्नेमा नगरेकोले सो रकम समेत दाखिला हुनु पर्दछ ।

११. **कार्यसम्पन्न प्रतिवेदन** : कार्यक्रम कार्यान्यन पुस्तिकाको कार्यक्रम नं. ३.२ मा भौतिक सुबिधा बिस्तार कार्यको लागि उपलब्ध गराएको रकमबाट निर्माण भएका संरचनाको कार्यसम्पन्न प्रतिबेदन पेश गर्नुपर्ने उल्लेख छ। प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट भूकम्पबाट क्षति भएका विद्यालय तथा कार्यालयको पुनस्थापनाका लागि शिक्षा समिति कार्यसञ्चालन कोषमा प्राप्त रकम मध्ये विद्यालयहरुलाइ ट्रश मोडल निर्माणका लागि रु.१,०५,२५,०००।- पठाएको छ । उक्त कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन । बिद्यायलयहरुले कायं सम्पन्न गरेको नदेखिएकाले कार्य सम्पन्न गर्न लगाई प्रतिवेदन पेश गराउनु पर्दछ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मुल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार गरेको भएपनि कार्यान्वयन नगरेको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनियवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा मात्र कार्यान्वयन भएको, निजामती सेवा ऐन २०४९ को दफा ७(ख) २ बमोजिम तलवी प्रतिवेदन पास नगरि रु. ८,०५,१५,६१३।- तलव खर्च लेखेको, रसिद नियन्त्रण खाता नराखेको, सम्भावित जोखिम परिचान नगरेको, परिवार स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न रु. १०,५७,४१९।- खर्च लेखेकोमा स्वीकृत कार्यक्रम अनुसार कार्यान्वयन भए नभएको देखाउन कार्यक्रमको प्रतिवेदन नबनाएको, महामारी रोग नियन्त्रणका लागि टिम परिचालन गर्न रु. १२०००० खर्च लेखेकोमा गरेका कार्यहरु समेटी प्रतिवेदन वनाउनु पर्नेमा नवनाएको, आन्तरिक रुपमा जिल्लाका विभिन्न स्थानहरुको लागि भाडामा एकरुपता होस भनी यातायात खर्च निर्धारण गरेको भएपनि चलन चल्तिको वसको रुटको भाडा भन्दा वढी दरमा भुक्तानी गरेको हुँदा स्वास्थ्य सम्वन्धी कार्यक्रम संचालनमा मितव्ययितामा ध्यान नदिएको, स्वास्थ्य कर कोष बाट ३ पटक सार्वजनिक स्थलहरुको सहायक प्रमुख जिल्ला अधिकारीले निरीक्षण गरेको कार्यमा रु. ५०,०००।- खर्च लेखेको, अनुगमन तथा निरीक्षण प्रतिवेदन तयार गरी सोको कार्यान्वयन हुनु पर्नेमा नभएको जस्ता व्यहोरा देखिएको छ।

२. **भरपाई नभएको** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको विल भरपाईसहितको लेखा राख्नु पर्ने र कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले १८ दिने महिला स्वास्थ्य स्वयंसेविकाको तालिममा महिला स्वास्थ्य स्वयंसेविकालाई रु.१८,००० ।- को किट वितरण गरेको भनी खर्च लेखेकोमा वितरण भर्पाइ संलग्न गरेको छैन । भरपाई विना भुक्तानी गर्ने कार्य नियमसम्मत नभएकोले सोको प्रमाण पेश हुनु पर्दछ।

३. **तालिम सञ्चालन** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम सञ्चालन गर्नु पर्दा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्छ। यस्तो तालिम कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम अनुरुप सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानहरुको विवरण तथा विलभरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३/२/२४ देखि २७ सम्म पि.एम.टि.सि.टि. तालिम सञ्चालन गरी रु.१,८३,४०० ।- खर्च लेखेको छ। प्रशिक्षण खर्च उल्लेख

भए पनि के विषयको प्रशिक्षण खुल्न नसकेको, तालिमको सहभागिबाट मूल्यांकन गरेको नदेखिएको तथा प्रतिवेदन समेत नहुँदा कार्यक्रमको सञ्चालन नियमसम्मत भएको देखिएन ।

४. **लागत सहभागिता नभएको** : प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखा अन्तर्गत सञ्चालन हुने कार्यक्रम निर्देशिका २०७१।७२ को शहरी स्वास्थ्य कार्यक्रम अन्तर्गत नगर स्वास्थ्य केन्द्रको सञ्चालनको लागि आवश्यक पर्ने बजेट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट ४० प्रतिशत र नगरपालिकाबाट ६० प्रतिशत हुने गरी कार्यक्रम बनाउनु पर्ने व्यवस्था छ । यसवर्ष नुवाकोट जिल्ला अन्तर्गत विदुर नगरपालिकाका ५ वटा नगर स्वास्थ्य केन्द्रको लागि बजेट व्यवस्थापन गर्दा उक्त प्रावधानको पालना भएको पाईएन । कार्यालयबाट नगर स्वास्थ्यमा कार्यरत कर्मचारीको तलव, भत्ता, फर्निचर, इक्विपमेन्ट, मर्मत आदि कार्यमा रु.११,८८,९५५।- खर्च गरेको देखिन्छ । यस कार्यमा नगरपालिकको लागत सहभागिता शुन्य छ । कार्यक्रमको प्रभावकारीता तथा दिगोपनाका लागि नगरपालिको सहभागिता हुनु पर्ने देखिएको छ ।

५. **टुक्रे खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को ८(२) मा खरिद गर्दा प्रतिष्पर्धा सीमित हुने गरी खरिद गर्न नहुने उल्लेख छ ।कार्यालयले २०७२/७३ मा रु.८,३०,२११।०० मूल्यको न्यानो झोला ३ पटक खरिद गरेको छ। प्रतिष्पर्धा सिमित गराई खरिद गरेकोमा गर्भवती संख्या बढ्न गएको तथा २०७३।३।८ मा कार्यक्रम तथा अख्तियारी प्राप्त भएकोले दरभाउपत्र माग गरी खरिद कार्य गर्न नसकिएको कार्यालयको भनाइ रहेकोमा समयमा अख्तियारी तथा निकासा लिइ खरिद गर्नु पर्दछ ।

६. **घटि करकट्टी** : आयकर ऐन, २०५८ को दफा ८८(१) मा भुक्तानीमा १५ प्रतिशतका दरले करकटृी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्षमा एक ब्यक्तिसंग कम्प्युटर, प्रिन्टर फोटोकपी लगायतका कार्यालय सम्वन्धी उपकरण मर्मत सम्झौता गरी मू.अ.क. विजक वेगर रु.३०,०००।- भूक्तानी गरेकोमा १.५ प्रतिशतलेमात्र कटृी गरेको देखिन्छ । मू.अ.क. विजक वेगरको सेवाको भूक्तानीमा १५ प्रतिशतका दरले स्रोतमा कर कटृी गर्नुपर्नेमा घटी भएको रु.४,५००।- असुल गर्नु पर्दछ ।

७. **दोहोरो भ्रमण भत्ता** : भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कर्मचारीले सरकारी कामको सिलसिलामा भ्रमण गर्दा तोकिएको दरमा भ्रमण भत्ता पाउने व्यवस्था छ । कार्यालयका २६ कर्मचारीलाइ काज अवधिमा दोहोरो हुनेगरी, कार्यालयमा हाजिर भएको तथा विदामा रहेको अवधिको दैनिक भ्रमण भत्ता भुक्तानी दिएको छ। दोहोरो भुक्तानी भएको रु. ९०,१००।- सम्बन्धमा जिम्मेवार अधिकारीबाट स्पष्ट गरी पेश गर्नुपर्नाका साथै सम्वन्धितबाट असुल गर्नुपर्ने देखिएको छ ।

८. **औषधी खरिद** : स्वास्थ्य सेवा बिभागले तयार गरेको प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा प्रयोग गरिने औषधी हरुको सुची भित्रमा परेको औषधी खरिद गरी वितरण गर्नुपर्नेमा उक्त सुचीमा समाबेश नभएका डाइक्लोफेनाक, अक्सीटोसिन इ. औषधी खरिद गरी रु ३,१५,३००।- खर्च लेखेको छ । सुचीमा परेका औषधीहरु मात्र खरिद गर्नुपर्नेमा सो बाहेकको औषधी खरिद गरेको अनियमित देखिएको छ ।

९. **म्याद सकिएका औषधीहरु** : प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा अन्तर्गत संचालन हुने कार्यक्रम निर्देशिका ०७१।७२ को बुदा ४ मा मौज्दात स्थिति, आवश्यकता तथा बिपद व्यबस्थापन, औषधी प्राप्त हुने र वितरण समय,आदि समेत लाइ आधारमानी आवश्यकता पहिचान गरि खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ती आधारको मुल्याकन नगरी ७१ थरीका औषधी निर्धारण गरि खरिद गरेको छ । त्यस्तै क्षेत्रीय मेडिकल स्टोर बाट प्राप्त भएको समेत जनस्वास्थ्य कार्यालयमा रहेका औषधीको नमुना छनौट गरी भौतिक परिक्षण गर्दा रु १,०६,०३५।- मुल्यका ४ प्रकारका औषधीको म्याद समेत सकिएको देखिएको छ । निर्देशिकाको व्यबस्था अनुसार आपुर्ती व्यबस्था मिलाउनु पर्दछ ।

१०. **पेश्की** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ७४ मा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नु पर्ने उल्लेख छ । एक स्वास्थ्य संस्था तथा १ कर्मचारीको नाममा रहेको पेश्की रु ७,०००।- फछ्र्यौट भएको नदेखिएकाले असुल फछ्र्यौट गर्नु पर्दछ ।

११. **पारिश्रमीक कर** : आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम एक कर्मचारीको रोजगारी आयमा नियमानुसार लाग्ने कर भन्दा घटी कर कट्टी गरेकोले सम्बन्धित कर्मचारीबाट नपुग कर रु.२,८१७।- असुल गरी दाखिला गर्नु पर्दछ ।

१२. **सेवा प्रभावकारीता** : यस कार्यालयले सिसडोल स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन गर्न ६० प्रतिशत र कर्मचारी तलवमा खर्च गर्न ४० प्रतिशत गरी दुई किस्तामा रु.१५ लाख निकासा गरेको छ । जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुखको २०७२।६।१५ को प्रतिवेदनमा सेवाग्राहीबाट सेवाको गुणस्तर नभएको ,औषधि प्रयाप्त नभएको, तोकेको समयमा सेवा नपाएको, कर्मचारीको नियमित उपस्थित नभएको जस्ता गुनासा रहेको उल्लेख गरेको छ । श्रेस्ता परिक्षणबाट उक्त संस्थाले निकासा रकमको ६० प्रतिशत भन्दा बढी तलबमा खर्च गरेको देखिनुका साथै जिल्ला जनस्वास्थ्य कार्यालयको अनुगमन प्रतिवेदनबाट प्रभावकारी सेवा प्रवाह नभएको देखिनुले रकमको उपयोग प्रभावकारी देखिएन ।

१३. **कार्य संचालन कोष** : दादुरा रुवेला खोप कार्यक्रम सचालन गर्न एक कर्मचारीलाई दिएको पेश्की फछ्र्यौट भएको विल भरपाई परिक्षण गर्दा महिला स्वास्थ्य स्वयम्सेवक भत्ता, भ्याक्सनेटरको खर्च, स्थानिय सुपरभिजन खर्च भनि गरिएको भूक्तानीमा रु. ५७,६००।- को विल भरपाई समावेश नगरी पेश्की फछ्र्यौट गरेकोले सो सम्बन्धी प्रमाण पेश गर्नुपर्ने देखिएको छ ।

## डिभिजन सडक कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालययले अपनाएको आन्तरिक नियन्त्रणको व्यवस्थाको मूल्यांकन गर्दा वार्षिक खरिद योजना बनाएको भए पनि सो अनुरुप खरिद कार्य नभएको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनियवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा मात्र कार्यान्वयन भएको, परियोजनाले उद्देश्य प्प्तिमा आइपर्ने सम्भावित जोखिमहरु परिचान नगरेको, आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ९६(३) अनुसार आन्तरिक लेखापरीक्षकले औल्याएका बेरुजूहरु अन्तिम लेखापरिक्षण हुनुभन्दा अगावै फ्छ्यौट गरी सोको लगत कट्टा तथा सुझाव कार्यान्वयन नगरेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार प्रथम चौमासिकमा ठेक्का व्यबस्था नगरेको, पुजिगत तर्फको कुल खर्च रु ३६,७७,९९,०१०।- मध्ये आषाढ महिनामा मात्र रु २०,२८,०७,१९१।- खर्च गरेको, जिन्सी खाताबाट माग फाराम बेगरनै खर्च लेख्ने गरेको, जिन्सी व्यबस्थापन प्रभावकारी नरहेको जस्ता व्यहोरा देखिएको छ । उक्त अवस्थामा सुधार हुनुपदर्छ ।

२. **कार्य सम्पन्न प्रतिबेदन** : सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा कार्य सम्पन प्रतिबेदन तयार गर्नु पर्ने उल्लेख छ । बाहुनबेशी आप्रामा तादी खोला पुल निर्माणको लागि एक निर्माण व्यबसायीसंग रु ३८००९८२१।-(मु.कर सहित) को लागतमा ०७१।५।२६ भित्र सम्पन्न गर्नेगरी संझौता गरी अन्तिम बिल सम्मको रु ३,६१,२८,८०३।- भूक्तानी गरेकोमा २०७२ फागुन मसान्त सम्मको म्याद थप गरिएको देखिन्छ । निजले ०७२।११।२० मा कार्य सम्पन्न गरेको उल्लेख गरेतापनि कार्य सम्पन्न प्रतिबेदन तयार गरेको छैन ।

३. **डिजाइन परिवर्तन** : लामा बगैचा बाहुन बेशी पुल निर्माणका लागि शुरुमा १८० मी.(६०*३) स्टिल ट्रसमाथी आर.सि.सी. डेक स्लाब राख्ने गरी भएको डिजाइन अनुसार निर्माण व्यबसायीसंग

१४,४०,३९,४१०।- (मु.कर सहित) मा ०७०।८।२० भित्र कार्य गर्नेगरी संझौता गरी दशौं रनिङ्ग बिल सम्मको रु.१०,१४,८०,१७८ ।- भूक्तानी गरिएकोमा निम्न व्यहोरा देखिएको छ ।

३.१ सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद संझौता बमोजिम कार्य शुरु भै सकेपछि प्राबिधिक कारणबाट त्यस्तो कार्यको परिमाण थपघट गर्न वा सट्टा गर्न सकिने उल्लेख छ । ०६९।४।२ मा शुरु डिजाइन अनुसार कार्य गर्न नसकिने कुनै प्राबिधिक पुष्ट्याइ पेश भएन । एक स्टिल ट्रस र बाकी आर.सि.सी. डेक स्लाब रहने गरी सम्पुर्ण रुपमा डिजाइन परिवर्तत गरी ठेक रकम १२,३३,४८,३७८ ।- (मु.कर सहित) रहने गरी कार्य गराएको छ । सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा सामान्य कार्य परिमाण थपघट गर्न वा सट्टा गर्न सकिने सम्म उल्लेख भएको तर सम्पुर्ण रुपमा डिजाइन परिवर्तत गरी कार्य गराउनु नियमित देखिदैन ।

३.२ उक्त कार्य ०७३।६।५ भित्र सम्पन्न नगरेमा हर्जाना लिने गरी म्याद थप गरिएकोमा सो अवधि भित्रमा पनि कार्य सम्पन्न नगरेकोमा कुनै कारबाही गरेको छैन ।

४. **न्युन बिनियोजन** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम १९ अनुसार बजेट तर्जमा गरिनु पर्नेमा क्षेत्रीय तथा पर्यटकिय महत्वका सडक कार्यक्रम अन्तर्गत रु.३४४,७०५।- देखि ८४७,१८०।- लागत भएका ३० योजना संचालन भै रु.१९०,०७,६६३ ।- खर्च भएको देखिन्छ । न्युन रकम बिनियोजन गरी धेरै योजना संचालन गर्दा भएको कार्य दिगो हुन सक्ने देखिदैन ।

५. **घटि कार्य** : सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२० मा म्याद थप गर्न सकिने र १२१ मा पुर्ब निधारित क्षति पुर्ती लगाउन सक्ने व्यबस्था छ । बोहरे भञ्ज्याङ – दनुस्वारा – पर्च्याङ सडक निर्माणका लागि सुबास कंन्सट्रक्सन संग रु.८,८६,७२२।- (मु.कर सहित) मा कार्य सम्पन्न गर्ने गरी संझौता भएकोमा अन्तिम बिल सम्ममा रु.७,८७,४५५।- (८२.३१प्रतिशत) मात्र कार्य सम्पन्न गरेको छ । संझौता अनुसार कार्य नगर्ने निर्माणव्यवसायीलाइ कारबाही नगरी ठेक्का फरफारक गर्नु नियमित देखिदैन ।

६. **प्रभाव मुल्याङ्कन** : लिखु खोला–कबिलास–माने भञ्याङ्ग–गोल्फु भञ्यागं (एलाइनमेण्ट १) छहरे –थप्रेक–आरुखर्क–जिम्नागं (एलाइनमेण्ट २) शुरु बिन्दु र अन्तिम बिन्दु एकै स्थान हुने र स्थानमात्र केही फरक हुने गरी समानान्तर सडक योजना संचालन गरी यो बर्ष क्रमशः रु.९१,०८,९५२।- र २,१५,२०,९११ खर्च गरिएको छ । आर्थिक तथा सामाजिक प्रभाव मुल्याकंन नै नगरी एकै स्थानमा दुइ सडक निर्माण गर्नु उचित देखिदैन ।

७. **पूर्ब निर्धारित क्षतिपुर्ति** : सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार सझौता गरेको अवधि भित्र कार्य समपन्न नगरेमा संझौता रकमको दैनीक ०.०५ प्रतिशत पुर्ब निर्धारित क्षतीपुर्ती लिनु पर्ने उल्लेख छ । लिखु खोला- कबिलास - हाटी भञ्यागं (एलाइनमेण्ट १) का ठेकेदारको म्याद थप गरिदा १२० दिनको पुर्ब निर्धारित क्षतीपुर्ती (संझौता रकम रु.४९९२११२।- को ०.०५का दरले) २,९९,५२६।-लाग्नेमा रु.२,५९,७५७- मात्र कट्टी गरिएकाले नपुग रु.३९,७६९।७२ असुल गर्नु पर्ने र लिखु खोला- कबिलास - हाटी भञ्यागंका एक ठेकेदारको म्याद थप गर्दा ९८ दिनको पुर्ब निर्धारित क्षतीपुर्ती (संझौता रकम रु.४२,१७,९५८।- को ०.०५ का दरले) २,०६,७७०।- लाग्नेमा रु.१,८२,८८७।- मात्र कट्टी गरिएकाले नपुग रु.२३,८८३।- असुल गर्नु पर्दछ ।

८. **घटि कार्य** : सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद संझौता बमोजिम कार्य शुरु भै सकेपछि प्राबिधिक कारणबाट त्यस्तो कार्यको परिमाण थपघट गर्न वा सट्टा गर्न सकिने उल्लेख छ । गंगटे - दब्धु- समुन्द्रटार- गोल्फु भञ्ज्यांग सडक निर्माणका ठेदेदारलाइ अन्तिम बिल सम्मको रु.१,६९,७८,३४८।- भूक्तानी गरिएकोमा सडक निर्माण तर्फको सडक खन्ने पुर्ने,

इम्बेकमेण्ट तयार गर्ने, गार्ड पोष्ट, ग्याबियन लगायत रु.१०,७८,००६।- को कार्य प्राबिधिक पुष्ट्याइ बेगर नै घटि गरेको छ। संझौता अनुसारको कार्य सम्पन्न्न नहुदै ठेक्का फरफारक गर्दा सोहि कार्य पुन: गराउनु पर्दा सोही लागतमा कार्य सम्पन्न हुन सक्ने देखिदैन । अत: कम कार्य भएकोमा पनि कार्य सम्पन्न भएको देखाउनु नियमित देखिदैन ।

९. **भर्पाइ** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६ मा बिल भर्पाइ समेतको लेखा राख्नु पर्ने उल्लेख छ। जिलिगं केउरेनी सडकको डिजाइन तथा लागत अनुमान तयार गर्ने कार्यको लागि एक संस्थालाइ रु.७,१३,१७१।- भूक्तानी गरिएकोमा रकम बुझ्केको भर्पाइ नभएकोले श्रेस्ता साथ भर्पाइ राख्नु पर्दछ ।

१०. **बढि कार्य** : सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार भेरिएशन स्विकृत नगराइ जिलिगं केउरेनी सडक अन्तर्गत एक निर्माण सेवालाइ माटो खन्नेकार्यको शुरु संझौता परिमाण ७५० घ.मी रहेकोमा ३००२.६३ घ.मी को रु.४०७१५६।- र धमाले जिलिगं केउरेनी सडक अन्तर्गत एक निर्माण सेवालाइ माटो खन्नेकार्यको शुरु संझौता परिमाण १९३७.५ घ.मी रहेकोमा २८५०.२ घ.मी कार्य गराइ सो कार्यको रु.१०,४५,६३३।- भूक्तानी गरेको छ। बढि कार्य गराउनाको कारण सहित भेरिएशन स्विकृत नगराई रु.४,०७,१५६।- भूक्तानी गरेकोले भेरिएशन स्विकृत गरी थप भूक्तानी गर्नु पर्दछ ।

११. **कर वीजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची -५ र ५(क) बमोजिमको ढाँचामा कर वीजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ठेक्का नं. ३ का एक निर्माण व्यवसायी लाई केरमेट तथा सच्याएको विजकबाट मु.अ.कर रु. १०,५७,७४२।- भुक्तानी गरेको छ। सच्याएको विजकबाट मूल्य अभिवद्धि कर भूक्तानी नियम प्रतिकुल देखिएकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ ।

१२. **दैनिक तथा भ्रमण भत्ता** : भ्रमण खर्च नियमावली २०६४ को नियम ७ को ६(क) र त्यसको प्रतिवन्धात्मक वाक्यांश अनुसार विभाग वा कार्यालयको कर्मचारीलाई ७ दिन भन्दा वढी अवधिको लागि काजमा खटाउँदा कारण खोली एक तहमाथिको पदाधिकारीवाट स्वीकृति लिनुपर्ने र त्यसरी खटिएको कर्मचारीले बढीमा १४ दिनसम्मको दैनिक भत्ता र त्यसपछि ५० प्रतिशतमात्र दैनिक भत्ता पाउने व्यवस्था रहेको छ। कार्यालयले १६ कर्मचारीहरुलाई एक तह माथिको स्वीकृति नलिई प्रत्येक महिनामा केही दिन खाली गरी पन्ध्र पन्ध्र दिनको काज अवधि राखी ७,६१,०००।-भुक्तानी गरेको छ। नियमको पालना हुनेगरी दैनिक तथा भ्रमण खर्च लेख्नु पर्दछ ।

१३. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा तोकेको समयभित्र पेश्की फछ्र्यौट गनुपर्ने उल्लेख छ। एक निर्माण व्यवसायीको नाममा रहेको रु. ४१,७७,६५६।- पेश्की फछ्र्यौट भएको नदेखिएकोले फछ्र्यौट हुनुपर्छ ।

## डिभिजन सहकारी कार्यालय

१. **सहकारी अनुगमन** : नुवाकोट र रसुवा जिल्ला प्रादेशिक अधिकार क्षेत्र रहेको यस कार्यालयको सहकारी गतिविधिमा उल्लेख भए अनुसार ६१९ वटा सहकारी संघ संस्थाहरु कार्यालयले अनुगमन गर्नु पर्ने देखिन्छ। कार्यालयले २०७२/७३ मा २०९ अर्थात ३३.७६ प्रतिशतको मात्र निरीक्षण गरेको देखिन्छ। नियमानुसार कार्यालयले आफ्नो क्षेत्रभित्रको सहकारी संस्था हरुको निरिक्षण गर्नु पर्दछ ।

२. **विज्ञापन छुट** : सरकारी विज्ञापन प्रकाशन गरे वापत गोरखापत्र संस्थानले बिल रकममा २५ प्रतिशत र अन्य राष्ट्रिय दैनिक प्रकाशनले १५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ। कुनै प्रकाशन

वा एजेन्सी मार्फत कारोवार गर्दा बिल रकममा छुट लिएर मात्र कार्यालयले भुक्तानी दिनुपर्नेमा ५ प्रतिशतमात्र छुट लिई भुक्तानी गरेकोले कार्यालयलाई रु.५४००।- थप व्ययभार परेको देखिएकोले छुट लिने व्यबस्था मिलाउनु पर्दछ ।

३. **जिन्सी आम्दानी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मूल्य स्रोत खुलाई जिन्सी किताबमा ७ दिनभित्र आम्दानी वांधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्ने उल्लेख छ। कार्यालयले एक छापाखानाबाट रु. ५५,५००।- को ब्रोसर छपाई गरी भुक्तानी गरेकोमा आम्दानी वांधेको देखिएन। नियमानुसार आम्दानी वाधी भुक्तानी गर्नु पर्दछ ।

४. **खरिद व्यवस्थापन** : सार्वजनिक नियमावली, २०६४ को ११३(४) मा मोलिाईजेसन पेश्की जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्ने अवधि भन्दा एक महिना बढीको हुनुपर्ने उल्लेख छ। कार्यालय भवन निर्माणका लागि कवोल अंक रु. २,१६,९०,५०९।- (मू.अ.क.वाहेक) मा एक जेभीसंग मिति २०७३/०२/०३ गते मिति २०७४/०८/०२ मा सम्पन्न गर्ने सम्झौता गरी २०७३ पौष २४ सम्म म्याद भएको पेश्की जमानतको आधारमा रु. ४३,२०,०००।- मोविलाईजेसन पेश्की प्रदान गरेको देखिन्छ। लेखापरीक्षण अवधिसम्म म्याद थप भएको नदेखिएकोले म्याद थप गरिनु पर्दछ ।

## महिला तथा बालबालिका कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यालयले वार्षिक खरिद योजना तयार गरेको भए पनि तदनुरुप कार्यान्वयन नगरेको, वस्तुगत टेवा कार्यक्रम अन्तर्गत रु.३,९७,५००।- र लैंगिक हिंसा निवारण कार्यक्रमबाट लैंगिकतामा आधारित हिंसा, वालवालिका किशोरकिशोरी तथा महिलाको सम्भावित ओसारपसार संरक्षणका लागि ४ संस्थालाइ रु. ८,७०,०००।-अनुदान रकम उपलब्ध गराएकोमा अनुगमन नगरेको ,जिन्सी निरीक्षण प्रतिवेदनले औल्याएका व्यहोराको कार्यान्वयन गरी जिन्सी व्यबस्थापन नगरेको जस्ता व्यहोरा देखिएको छ ।

२. **कार्य सम्पन्न प्रतिवेदन** : सम्झौता गरी अनुदान प्राप्त गरेका संस्थाहरुले सम्झौता अनुसारको कार्य गरे नगरेको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । कार्यालयले आ.व. २०७२/७३ मा भवन निर्माणमा सहयोग पुर्‍याउने उद्देश्यले २ वटा सहकारी संस्था दुप्चेश्वरी महिला वहुउद्देश्यीय सहकारी संस्था र क्रियाशील महिला कृषि सहकारी संस्थालाई रु.२,००,०००।- का दरले जम्मा रु.४,००,०००।- अनुदान उपलव्ध गराएकोमा अनुदान सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गरी सम्झौता अनुसारको कार्य सम्पन्न पतिवेदन प्राप्त गर्नुपर्नेमा गरेको छैन ।

## भेडा बिकास फर्म पानसय खोला

१. **आन्तरिक नियन्त्रण** : कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको मूल्यांकन गर्दा वार्षिक खरिद योजना नवनाएको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन नगरेको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम जिन्सी व्यबस्थापन नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, कार्यालयले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, रसिद नियन्त्रण खाता नराखेको जस्ता कमी कमजोरी देखिएको छ ।

२. **स्रोतमा कर कट्टी :** आयकर ऐन, २०५८ दफा ८८ अनुसार मू.अ.क.मा दर्ता भएको सेवा प्रदायक वासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा १.५ प्रतिशत स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले बिलको भुक्तानीको स्रोतमा करकट्टी गरेकोमा रु.३,९६८।- राजश्व खातामा दाखिला नगरेकोले समयमै सम्बन्धित खातामा दाखिला गर्नु पर्दछ ।

## त्रिशुली अस्पताल

१. **आन्तरिक नियन्त्रण :** कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा वार्षिक खरिद योजना नवनाएको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको पालना नगरेको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, कार्यालयले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, अस्पतालले विरामी भर्नाको अभिलेख व्यवस्थित नराखेको, आर्थिक कारोवारको संक्षिप्त प्रतिवेदन तयार नगरेको, तलवी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेको, आन्तरिक लेखापरीक्षणबाट औल्याइएका वेरुजुको सम्वन्धमा अन्तिम लेखापरीक्षण अवधिसम्म कारबाही नगरेको, स्वीकृत दरवन्दी अनुसारको पदपूर्ति नगरेको, कर्मचारीहरुको कार्यविवरण स्वीकृतगरी लागू नगरेको जस्ता व्यहोरा देखिएको छ ।

२. **पारिश्रमीक कर :** आयकर ऐन २०५८ को दफा ८ मा रोजगारीबाट भएको आय गणना गरी कर निर्धारण गर्नु पर्ने व्यवस्था छ । यसरी रोजगारीबाट भएको आय गणना गरी ३ लाख पछिको थप १ लाख सम्मको करयोग्य आयमा १५ प्रतिशत कर लाग्ने व्यवस्था छ । ६ कर्मचारीको करयोग्य आयमा नियमानुसार लाग्ने कर रु.९१,२४१।- भन्दा घटी कर कट्टी गरेकोले सम्बन्धित कर्मचारीबाट असुल गरी दाखिला गर्नु पर्दछ ।

३. **स्रोतमा करकट्टी :** आयकर ऐन २०५८ दफा ८८ बमोजिम बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको व्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन वा विक्री वोनस र अवकाश भुक्तानी को रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ । कर्मचारीलाई रात्रीकालिन सेवा गर्ने ८ कर्मचारीलाई प्रोत्साहन भत्ता वापत भुक्तानी गरेको रकममा १ प्रतिशतका दरले मात्र कर कट्टी गरेको छ । नियमानुसार लाग्ने कर भन्दा घटी कर कट्टी गरेकोले बाँकी १४ प्रतिशतले हुन आउने कर रकम रु.२९,२९८।- असुल गर्नु पर्दछ ।

४. **शीर्षक फरक पारेको** : महालेखा नियन्त्रक कार्यालयको खर्च संकेत तथा वर्गीकरण २०७१ अनुसार खर्च संकेत नं.२११११ मा तलब र खर्च संकेत नं.२१११९ मा अन्यत्र उल्लेख नभएका सबै प्रकारका भत्ताहरु पर्ने उल्लेख छ । यस अस्पताल विकास समितिले ननप्राक्टीस भत्ता रकम रु.२४४५०।- खर्च संकेत नं.२११११ बाट खर्च गरेको छ । यसरी शीर्षक फरक पारी खर्च गरेकोमा नियमित गर्नुपर्ने देखिन्छ ।

५. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले आ.व. ०७२/७३ मा महिला स्वास्थ्य कार्यक्रमको सुत्केरी यातायात खर्च, फोर्थ भिजिटको रकम वितरण गर्न ४ कर्मचारीहरुलाई रु.१६,५३,८००।- रकम उपलव्ध गराएकोमा भिजिटिङ कार्ड, डेलिभरी विवरण, भर्पाई लगायतका कागजातहरु पेश गरेको देखिएन । त्यसरी खर्च लेखेको भरपाई तथा आवश्यक कागजात लेखापरीक्षण अवधि सम्म पनि पेश नभएको हुँदा सो रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको छ ।

६. **वढी प्रोत्साहन भत्ता :** कार्यक्रम सञ्चालन निर्देशिकामा आ.व. २०७२/७३ (परिवार स्वास्थ्य महाशाखा) डेलिभरी गराउने डाक्टर र एनेस्थिया वाहेकका कर्मचारीलाई त्यसको संख्याका आधारमा

प्रति डेलिभरी रु.३०० का दरले रकम उपलब्ध गराउने  व्यवस्था छ । कार्यालयले समितिको निर्णयानुसार भनी श्रावण देखि वैशाखसम्मको सुत्केरी गराएवापतको भत्ता  रु.६,२५,६६०।- मध्ये १५ प्रतिशत कर कटाई रु. ५,३१,८११।-  भुक्तानी गरेको छ । कार्यालयले पेश गरेको बिवरण अनुसार २०७२ श्रावण देखि वैशाखसम्मको कुल सुत्केरी संख्या १४६२ मात्र उल्लेख गरिएको छ । उक्त रेकर्डलाई आधार लिंदा प्रति सुत्केरी रु.३००। का दरले १५ प्रतिशत कर कटाई रु. ३,७२,८१।- भुक्तानी गर्न सकिने देखिन्छ । यसरी सुत्केरी गराएको संख्या भन्दा वढीको आधारमा खर्च लेख्न नमिल्ने भएकोले वढी भुक्तानी भएको रु.१,५९,००१ ।- सम्वन्धितबाट असुल गर्नु पर्दछ ।

७. **थप व्यभार :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(९) मा कार्यालय प्रमुखले आर्थिक कारोवार गर्दा कुनै किसिमको हिनामिना, हानी नोक्सानी वा लापरवाही समेत हुन नदिनुका साथै नगद जिन्सी सुरक्षित राख्न प्रवन्ध मिलाउनुपर्ने उल्लेख छ। कार्यालयले पानी तथा विजुलीवापतको रकम समयमा भुक्तानी नगरी जरिवाना वापत रु. १,१८,१४७।- तिरेको देखियो । कार्यालयलाइ थप व्ययभार नपर्नेगरी समयमै महशुल भूक्तानी गर्नु पर्दछ ।

८. **कार्यक्रमको कागजात :** कार्यालयले एक स्टाफ नर्सलाई २ दिने इ.डब्ल्यु.ए.आर.एस. ओरिएण्टेशन प्रोग्राम मिति २०७३/१/२८ र २९ मा सञ्चालन गर्न रु.५०,०००।- उपलव्ध गराएकोमा सो कार्यक्रम सञ्चालन गर्दा रु.३८,८२५।- को विल भर्पाई पेश गरेको छ । बाँकी रु.११,१७५।- नगद फिर्ता गरेको रकम दाखिला गर्नुपर्नेमा नगरेकोले सम्वन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

९. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले सि.इ.ओ.एन.सि. सेवामा कार्यरत कर्मचारीहरुलाई २०७३ जेष्ठ महिनाको तलववापतको रु. ७८,२००।- भुक्तानी खर्च लेखेकोमा सो सम्वन्धी भरपाई संलग्न गरेको देखिएन । तलव वुझेको प्रमाण पेश हुनु पर्दछ ।

१०. **थप सुविधा :** छात्रवृत्ति कोटामा अध्ययनगरेका डाक्टरहरुलाई सम्झौता अनुसार २४ घन्टा सेवामा रहे वापत कार्यालय समय वाहेकको अतिरिक्त समयमा हाजिरी भएको आधारमा पहाडी जिल्लामा दैनिक रु. १२००।- उपलव्ध गराउन सकिने व्यवस्था रहेको छ । कार्यालयले एक चिकित्सकलाई जेठ र आषाढ महिनामा ८ दिन अनुपस्थित रहेकोमा समेत दैनिक रु. १२००।- का दरले जम्मा रु. ९६०० अतिरिक्त कार्य वापत भुक्तानी गरेको छ ।  कार्यालय समय बाहेकको समयमा सेवा गरेको आधारमा मात्र त्यस्तो थप सुविधा उपलव्ध गराउनु पर्नेमा  अनुपस्थित अवधिको भुक्तानी गरेकोले सम्वन्धितबाट असुल गर्नु पर्दछ ।

११. **आधार वेगर भुक्तानी :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६ मा बिल भर्पाइ समेतको लेखा राख्नु पर्ने उल्लेख छ । कार्यालयले आमा सुरक्षा कार्यक्रमबाट जेष्ठ र आषाढ महिनामा एल.एस.सि.एस. डेलिभरी र सि.ए.सि/ पि.ए.सि.को प्रोत्साहन भत्ता वापत रु. १,०१,९९२।- भुक्तानी गरेको छ । सो भुक्तानीको आधार तथा प्रमाणित कागजात संलग्न गरेको छैन । तसर्थ खर्चको आधार तथा प्रमाण पेश हुनुपर्दछ ।

१२. **बिकास समिति :** यो आर्थिक बर्षको अन्तमा वैंक बिवरण अनुसार रु.२०,४२,७५५।- मौज्दात देखाएकोमा साट्न वाँकी चेकको रकम १८,७७,९२८।- र आषाढको आम्दानी श्रावणमा दाखिला भएको रु. ३०,९८,१०५।- गरी खुद वांकी रु.१२,२०,१७६।- देखाएको छ । श्रेस्ता अनुसार नगद रु. ३६७९०।- सहित वाँकी रु.१०,५३,०४२।- देखिएको र वैंकमा वढी रु. १,६७,१३३।- देखिएको हुँदा रु. १,६७,१३३।- को हिसाव मिलान हुनु पर्छ ।

१३. **प्रमाण वेगरको खर्च :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । यस अस्पताल विकास समितिले क्याक रु.११०५०।-, प्याक ३१०२५।-, क्याक र प्याक रु.७०९९।-गरि जम्मा रु.४९१७४।- सुधा महर्जनलाई

भुक्तानी गरेको छ । उक्त क्याक र प्याक कार्यमा विरामी संख्या, दिन संख्या, संलग्न कर्मचारी र प्रशासनले प्रमाणित गरेको कागजात विना खर्च लेखिएको छ । कार्य गरेको विवरण नै नखुलाई भुक्तानी दिन नमिल्ने भएकोले सोको प्रमाण पेश गर्नुपर्दछ ।

१४. **धरौटी फिर्ता :** कार्यालयले मुल्य अभिबृद्धि कर समायोजन प्रमाण विना आ.व.२०७०।०७१ को कर चुक्ता प्रमाणपत्रको आधारमा २ ठेकेदारलाइ रु.२,०४,९१२।- धरौटी फिर्ता गरेको छ । मु.अ.कर समायोजन भएको प्रमाण वेगर भुक्तानी दिन नमिल्ने भएकोले सोको प्रमाण पेश गर्नुपर्दछ ।

१५. **पेश्की बाकी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ४ कर्माचारीहरुको नाउँमा रहेको पेश्की रकम रु.९,३५,८००। आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट नगरेकोले नियमानुसार फछ्र्यौट हुनु पर्दछ ।

१६. **दोहोरो भत्ता :** कार्यक्रम सञ्चालन निर्देशिका २०७२/७३ परिवार स्वास्थ्य महाशाखा अनुसार सि.इ.ओ.एन.सि. सेवामा कार्यरत डाक्टर र एनेस्थेसीया कर्मचारी बाहेक अस्पताल विकास समितिको निर्णय अनुसार सि.इ.ओ.एन.सि.सेवा उपलव्ध गराएको आधारमा भत्ता उपलव्ध गराउन सकिने व्यवस्था रहेको छ । कार्यालयले उक्त व्यवस्था विपरित ९ कर्मचारीहरुलाई उपयुक्त आधार वेगर रु.६,७७,८२७।- दोहोरो भत्ता उपलव्ध गराएको छ । नियम प्रतिकुल हुने गरी भूक्तानी गरिएको रकम असुल हुनु पर्दछ ।

१७. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले आ.व. ०७२/७३ मा बिभिन्न कार्यको रकम वितरण गर्न ६ कर्मचारीहरुलाई रु. ६,४९,८४५।- उपलव्ध गराएकोमा भपाई लगायतका कागजातहरु पेश गरेको छैन । खर्च लेखेको भरपाई तथा आवश्यक कागजात लेखापरीक्षण अवधि सम्म पनि पेश नभएकोले प्रमाण वेगर खर्च लेखेको नियमित देखिएन ।

१८. **स्रोतमा कर कट्टी :** आयकर ऐन, ५८ को दफा ८८ अनुसार वासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा तोकिएको प्रतिशतमा स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ५ कारोबारको भुक्तानीमा स्रोतमा करकट्टी गरेको रु.११,६४०।- राजश्व खातामा दाखिला गरेको पाइएन । अग्रिम कर कट्टी गरेको रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ ।

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण उपक्षेत्रीय कार्यालय

१. **कार्यालयको कार्यसम्पादन :** राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मातहतमा स्थापना गरिएको यस कार्यालयले प्राधिकरणले प्रदान गर्ने सेवाहरु मध्ये जिल्लाबाट उपलब्ध गराउन सकिने सरल प्रकृतिका सेवाहरु नजिकबाट दिने तथा प्राधिकरण र जिल्लाका कार्यान्वयन निकायवीच पुलको काम गरी सहजिकरण तथा समन्वकारी भूमिका खेल्नु पर्नेमा हालसम्म सम्पादित कामलाई विश्लेषण गर्दा उल्लेखनीय भूमिका निर्वाह गर्न सकेको देखिएन । यसो हुनुमा जिम्मेवारी तथा भूमिका न्यून र अष्पष्ट हुनु तथा तोकिएको भूमिका समेत निर्वाह गर्न नसक्नु नै प्रमुख कारण रहेको देखिन्छ । तसर्थ कार्यालयको काम, कर्तव्य, जिम्मेवारी तथा भूमिकामा तालुक निकायबाट अनुगमन तथा मूल्यांकन गरी पुनर्विचार हुनु पर्दछ ।

## शहरी बिकास तथा भवन निर्माण डिभिजन

१. **आन्तरिक नियन्त्रण** : कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको मूल्यांकन गर्दा वार्षिक खरिद योजना बनाएको भए पनि सो अनुरुप खरिद कार्य नगरेको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनियवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा कार्यान्वयन भएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम जिन्सी व्यबस्थापन नगरेको, कार्यालयले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित

जोखिमहरु परिचान नगरेको, कार्यालय सञ्चालनसंग सम्बन्धित खर्चहरुको लागि सार्वजनिक निर्माण शीर्षकको कण्टीञ्जेन्सी बाट खर्च लेखेको जस्ता व्यहोरा देखिएको छ ।

२. **खर्च स्थिति** : कुल पूंजीगत खर्च रु. ९ करोड ९९ लाख ४० हजार रहेकोमा प्रथम चौमासिकमा रु.१ करोड २४ लाख २४ हजार (१२.४३%), दोस्रो चौमासिकमा रु. २ करोड ३७ लाख ७ हजार (२३.७२%) र तेस्रो चौमासिकमा रु.६ करोड ३८ लाख ८ हजार (६३.८५%)खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु. २ करोड ४ लाख ९ हजार (२०.४२%) खर्च गरेको पाइयो । तोकिएको कार्यक्रम समयमै सम्पन्न गर्नु पर्दछ ।

३. **विज्ञापन छुट** : सरकारी विज्ञापन प्रकाशन गरे वापत गोरखापत्र संस्थानले बिल रकममा २५ प्रतिशत र कान्तिपुर, नागरिक, अन्नपूर्ण पोष्ट, हिमालय टाइम्स, आर्थिक कारोवार जस्ता राष्ट्रिय दैनिक प्रकाशनले १५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ । कार्यालयले आ.व. ०७२/७३ मा एक एड्भरटाइजिङ सर्भिसलाई कारोवार दैनिकमा सूचना प्रकाशनको रु. २५,५००।- भुक्तानी गरेकोमा १५ प्रतिशतले हुने रु. ३,८२५।- छुट प्राप्त गरेको छैन । तोकिएको छुट लिई भुक्तानी गर्नुपर्नेमा नलिई भुक्तानी गरेकोले कार्यालयलाई थप व्ययभार परेको छ । बिज्ञापनको भुक्तानी गर्दा छुट सुबिधा लिनु पर्दछ ।

४. **टुक्रे योजना** : कार्यालयले २०७२/७३ मा विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना अन्तर्गत महिला समूहको भवन निर्माण, जनजाती भवन निर्माण, कृषि सहकारी भवन निर्माण, सामुदायिक भवन निर्माण, महिला सञ्जाल भवन निर्माण, जेष्ठ नागरिक कलव भवन निर्माण, व्रम्हकुमारी राजयोग भवन निर्माण, पांचकन्या भवन निर्माण, गुम्वा निर्माण, मन्दिर परिसर सुधार, वौद्ध गुम्वा परिसर सुधार, मोटर वाटो निर्माण, वाटो सुधार, मोटरबाटो स्तरोन्नती जस्ता बिभिन्न रु.१ लाख देखि ५ लाख सम्मका ७० वटा योजनाहरुमा रु. १,३०,८०,००० ।-खर्च गरेको छ । वाग्लुङ जिल्ला थापाखाना ३ मा युथ स्टार सामुदायिक भवन निर्माणको लागि नुवाकोट जिल्लामा योजना तथा वजेट आएको छ । संस्कृति तथा पर्यटन पुनर्निर्माण अन्तर्गत नुवाकोट दरवार तथा भैरवी मन्दिरको लागि ठेक्का स्वीकृत भई कार्यान्वयन शुरु भएकोमा त्यसमा फरक शिर्षकबाट समेत वजेट विनियोजन गरेको छ । वि.पि स्मृति भवन निर्माणका लागि निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत जिल्ला विकास समितिबाट रु. ११,३७,९५८।-विनियोजन गरिएको छ भने यसै निर्माण कार्यका लागि यस कार्यालयबाट समेत खर्च गरेको छ । कार्यालयको कार्यक्षेत्र भित्र नपर्ने योजनामा निकासा तथा खर्च गर्नु नियम सम्मत देखिदैन ।

५. **पेश्की बाकी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । बिभिन्न ४ निर्माण व्यवसायीहरुको नाममा रहेको पेश्की रु.७९,०४,०००।- लेखापरीक्षण अवधिसम्म फछ्र्यौट भएको नदेखिएकाले आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार असुल फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

६. **पूर्व निर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद निमायवली, २०६४ को नियम १२१.क. मा सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकममा ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति लिनु पर्ने व्यवस्था छ । महाकाली स्वास्थ्य चौकी भवन निर्माणका लागि निर्माण व्यबसायीसंग ०७०।५।१६ सम्ममा सम्पन्न गर्ने गरी रु.१,६३,५९,२८३।- (मु.कर. समेत) मा संझौता भएकोमा समयमा कार्य सम्पन्न नगरेकाले ०७२।१।१८ देखि पुर्व निर्धारित क्षतिपुर्ती लाग्ने र अन्य कारबाही समेत गर्ने गरी म्याद थप गरिएकोमा लेखा परिक्षण अवधि (०७३।१०।१३) सम्ममा पनि कार्य सम्पन्न भएको देखिएन । ढिला भएको ६२५ दिनको गणना गर्दा संझौता रकमको १० प्रतिशत भन्दा बढि हुने देखिदा

संझौता रकमको १० प्रतिशत रु.१६,३५,९२८।- पुर्व निर्धारित क्षतिपुर्ती लाग्नेमा रु.१,३५,०१० ।- कट्टा भएकोले बाकी रु.१५,००,९१८ ।- कट्टी गर्नुपर्ने देखिएको छ ।

त्यसै गरी शिखरबेशी स्वास्थ्य चौकी भवन निर्माणका लागि एक निर्माण व्यबसायीसंग रु.१,६१,१५,३३०।- को लागतमा ०७०।५।१६ भित्र सम्पन्न गर्नेगरी संझौता गरेकोमा निजले समयमा कार्य सम्पन्न नगरेकाले ०७२।५।२४ मा ०७२।९।२९ बाट पुर्व निर्धारित क्षतिपुर्ती लाग्ने गरी म्याद थप गरिएको देखिन्छ । निजले ०७२।९।२९ मा कार्य सम्पन्न गरेकाले ढिला भएको २९७ दिनको पुर्व निर्धारित क्षतिपुर्ती गणना गर्दा संझौता रकमको १० प्रतिशत भन्दा बढि हुने देखिदा संझौता रकमको १० प्रतिशत रु.१६,११,५३३।- पुर्व निर्धारित क्षतिपुर्ती असुल गर्नु पर्नेमा ०७३।३।२१ मा पुर्व निर्धारित क्षतिपुर्ती लाग्ने गरी गरिएको निर्णय पुनरावलोकन गरी ०७२।९।२९ देखि ५८ दिनकोमात्र पुर्व निर्धारित क्षतिपुर्ती लाग्ने गरी निर्णय भए अनुसार रु.४,१३,५९८।- मात्र पुर्व निर्धारित क्षतिपुर्ती कट्टा गरेको छ । सार्वजनिक खरिद ऐन तथा निमायवलीमा क्षतिपुर्ती लाग्ने गरी भएको निर्णय पुनरावलोकन गर्ने व्यबस्था भएको नदेखिदा ऐन तथा नियममा भएको व्यबस्था बिपरित भएको निर्णयबाट रु.११,९७,९३५ ।- नोक्सानी भएको छ ।

७. **पारिश्रमीक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम २ कर्मचारीको रोजगारी करयोग्य आयमा नियमानुसार लाग्ने कर भन्दा रु.८,९६८।- घटी कर कट्टी गरेकोले सम्बन्धित कमंचारीबाट नपुग कर असुल गरी दाखिला गर्नुपर्दछ ।

८. **कार्यसंचालन कोष** : आथिंक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरिक्षकको कार्यालयबाट स्वीकृत ढाचामा र लेखा भिडने प्रमाणित कागजातहरु पनि सिलसिलाबद्ध तरिकाले राख्नुपर्ने व्यवस्था छ। कोष तथा लेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक विवरण अनुसार गतवर्षको मौज्दात रु.७५,७५५ ।- यस वर्षको आम्दानी रु. १,२७,०००।- गरि जम्मा रु. २,०२,७७५।- आम्दानी र रु. १,१९,३३४।- खर्च भई रु. ८३,४४१।- बांकी रहेको देखिन्छ । विदुर नगरविकास समितिको निर्णयको आधारमा उक्त कार्यसञ्चालन कोषको रकम खर्च गर्ने गरेको छ । कार्यसञ्चालन कोषको रकम खर्च गर्दा विनियमावली बनाएर सोही आधारमा खर्च गर्नुपर्नेमा सो नगरि निर्णयका आधारमा खर्च गर्नु नियम सम्मत देखिएन ।

## शैक्षिकतालिम केन्द्र

१. **आन्तरिक नियन्त्रण** : कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको मूल्यांकन गर्दा केन्द्रले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, जिन्सी निरीक्षण गरी प्रतिवेदनतयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री नभएको, खर्च नहुने जिन्सी मालसामान लिलाम वा मिन्हा कारबाही वेगर खर्च लेखेको, वार्षिक खरिद योजना तयार नगरेको जस्ता व्यहोरा देखिएको छ ।

२. **कार्यक्रम संशोधन :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २४ मा कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने शिलशिलामा स्थानीय परिस्थितिलाई ध्यानमा राखी त्यस्तो कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत वजेट र आवधिक योजना अनुकूल हुनेगरी तालुक मन्त्रालयको स्वीकृति लिई लागत नवढ्ने गरी संशोधन गर्न सक्ने उल्लेख छ। केन्द्रल २०७२।७३ को विद्यालय क्षेत्र सुधार कार्यक्रम शिर्षकबाट कार्यक्रम स्वीकृत गर्ने निकायको स्वीकृति नलिई स्वीकृत कार्यक्रममा नरहेको ल्यापटप, दराज, फर्निसिङ आदिको खरिदमा रु. ३,२८,८४७।- खर्च गरेको छ । दरभाउपत्र समेत नलिइ सिधा खरिद गरेको नियमित देखिएन ।

## स्थानीय बिकास कोष

१. **लगानी र असुली** : सचिवालयबाट पेश भएको ऋण लगानी र व्याज असुलीको विवरण अनुसार यस वर्षसम्म गाउँविकास कार्यक्रम मार्फत कुल ऋण पूँजीलगानी रु. ७,१५,१५,६६१।- मध्ये हालसम्म रु.१,४७,४६,९३१।- को भाखा नागेको देखिन्छ भने ब्याज रु. १७,४४,४३६।- असुल गर्न सकेको छैन । प्राप्त गर्नुपर्ने ब्याज संकलनका लागि समयमै ताकेता नगर्दा बक्यौता रहँदै आएको छ । लगानीमा रहेको रकमको परिचालन र व्यवस्थापनमा सम्बन्धित पक्षले ध्यान दिनुपर्ने देखिएको छ ।

२. **कार्यक्रम सम्झौता** : गरिवीनिवारण कार्यक्रमतर्फ सचिवालयले २०७२/०६/१४ मा सम्झौता गरेर प्रथम किस्तामा रु.८,४३,९५७-, दोस्रो किस्तामा रु. ५,०६,३७४।- र तेस्रो किस्तामा रु. ३,३७,५८३।- प्राप्तगर्नुपर्ने व्यवस्था गरेकोमा प्रथम किस्ता वापतको रु. ८,४३,९५७- प्राप्त गरेको देखिन्छ भने वाँकी दुइ किस्ता प्राप्तगर्न नसकेको सम्वन्धमा जानकारी प्राप्तहुन सकेन ।

## सिचाइ बिकास डिभिजन

१. **आन्तरिक नियन्त्रण** : कर्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मुल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, वार्षिक खरिद योजनाको कार्यान्वयन नगरेको, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनियवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा कार्यान्वयन भएको, रसिद नियन्त्रण खाता नराखेको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत संभार र लिलाम बिक्री नगरेको, सम्भावित जोखिम पहिचान नगरेको, आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ६७ वमोजिमको कार्याविधि अपनाई कारवाही समाप्त भएको मितिले एक वर्षभित्र फिर्ता लिन नआएका धरौटी रकम राजस्वमा आम्दानी बाध्नुपर्नेमा म्याद नाघेको रु.२,२०,९७३।- सदर स्याहा नगरेको, कार्यालयले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको जस्ता व्यहोरा देखिएको छ । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **परिक्षण प्रतिबेदन** : ठेकेदारसंग भएको ठेक्का संझौताको दफा १८.सि.मा कक्रिट मिक्स को स्पेशिफिकेशन अनुसारको मापदण्ड हुनुपर्ने उल्लेख छ । यो बर्ष भएका ठेक्का २ मध्ये कक्रिट मिक्स को क्युब टेष्ट नगरि पि.सि.सि. को रकम रु.४७,७७,७४१।- भूक्तानी गरेको छ। संझौताको अनुसार परिक्षण गरिएको प्रतिबेदन लिनु पर्दछ ।

३. **पेश्की बाकी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। ३ ठेकेदारलाइ दिएको कार्य संचालन पेश्की रु.१८,६५,०००।- आ.ब.को अन्तसम्ममा पनि फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

४. **कार्य सम्पन्न** : सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७.१० मा संझौता अवधी भित्रमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिलाइ कारबाही गर्नु पर्ने उल्लेख गरिएको छ । ४ उपभोक्ता समितिलाइ रु.४२,६५,३३६।- भूक्तानी गरिएकोमा संझौता अवधी भित्रमा कार्य सम्पन्न नगरेकोमा पनि कुनै कारबाही गरेको तथा कार्य सम्पन्न गराएको छैन । नियमानुसार समयमा कार्य सम्पन्न गराउने र नगर्ने उपर आबश्यक कारबाही गर्नु पर्दछ ।

५. **कार्य सम्पन्न** : सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७.१० मा संझौता अवधी भित्रमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिलाइ कारबाही गर्नु पर्ने उल्लेख गरिएको छ । यो बर्ष १० वटा सिचाइ योजनाको मर्मत संभार उपभोक्ता मार्फत गराइ रु.२३,४२,५०८।-खर्च लेखेकोमा कार्य सम्पन्न प्रतिबेदनमा कार्य सम्पन्न मिति उल्लेख नगरेकाले समय भित्र कार्य सम्पन्न भएको आधार

देखिदैन भने ४ उपभोक्ता समितिलाइ रु.७,८८,९००।- भूक्तानी गरिएकोमा संझौता अवधी भित्रमा कार्य सम्पन्न गरेको छैन । नियमानुसार समयमा कार्य सम्पन्न गराउने र नगर्ने उपर आबश्यक कारबाही गर्नु पर्दछ ।

६. **म्याद थप** : सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२० मा म्याद थप गर्ने र १२१ मा पुर्ब निर्धारित क्षतिपुर्ति लगाउने उल्लेख छ। यो बर्ष चालु रहेका रु.३०१,७०,०५१।- का ३ ठेक्का थपिएको म्याद भित्र समेत सम्पन्न भएको छैन । समयमा कार्य सम्पन्न नगर्ने ठेकेदारलाइ नियमानुसार कारबाही गर्नु पर्दछ ।

# आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तर्गत ४७ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र १ कार्यालयको आन्तरिक लेखापरीक्षण सम्बन्धित निकायको आन्तरिक लेखापरीक्षण शाखाबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार १७ कार्यालयको बेरुजु नदेखिएको जनाएको छ। यस बर्ष आन्तरिक लेखापरीक्षण प्रतिवेदनको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २३ मध्ये निम्न ६ कार्यालयको रु.६४ लाख ९० हजार बेरुजू बाँकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

(रु.हजारमा)

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | जिल्ला सरकारी वकिल कार्यालय | विभिन्न | आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभएको पेश्की | १८४४ |
| २ | जिल्ला तथ्यांक कार्यालय | विभिन्न | असम्वन्धित कार्यको भुक्तानी गरेकोले असुल गर्नुपर्ने | २ |
| ३ | जिल्ला भू संरक्षण कार्यालय | विभिन्न | अन्य शीर्षकबाट समेत भवन निर्माणमा खर्च लेखेकोले विनियोजन भन्दा वढी खर्च भई नियमसम्मत नदेखिएको | २३८ |
| ४ | जिल्ला हुलाक कार्यालय | विभिन्न | दैनिक तथा भ्रमण भत्ताको वढी भुक्तानी भएको असुल गर्नुपर्ने | २ |
| ५ | जिल्ला आयोजना कार्यान्वयन इकाई (शहरी विकास) | विभिन्न | आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभएको पेश्की | ४३९८ |
| ६ | मत्स्य अनुसन्धान केन्द्र | विभिन्न | दुई निर्माण व्यवसायीको निर्माण व्यवसायी कोष कट्टी नगरेकोले | ६ |
| | | | **जम्मा** | ६४,९० |

(उद्धब चन्द्र श्रेष्ठ)
नायब महालेखारीक्षक

अनुसूची १

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

## लेखापरीक्षण विधिः विस्तृत

(रु.लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | कारागार कार्यालय | १९४ | १ | १ | ४ | २०० |
| २ | कोष तथा लेखा नियन्त्रक कार्यालय | २४० | १ | ८ | ५ | २५४ |
| ३ | खानेपानी  तथा सरसफाई डिभिजन कार्यालय | ११६१ | ३ | ७२ | ६ | १२४२ |
| ४ | गल्छि त्रिशुली मैलुङ स्याफ्रुवेसी रसुवागढी सडक योजना | ११ | १ | ० | ० | १२ |
| ५ | घरेलु तथा सानाउद्योग विकास समिति | ११९ | ५५ | ८ | ० | १८२ |
| ६ | जल उत्पन्न नियन्त्रण प्रकोप नियन्त्रण डिभिजन का | १०४५ | ० | ३४ | ० | १०७९ |
| ७ | जिल्ला कृषि विकास कार्यालय | ५४४ | १ | ७ | ८ | ५६० |
| ८ | जिल्ला प्रशासन कार्यालय | १७१ | ३९६ | ६१ | १४७९७ | १५४२५ |
| ९ | जिल्ला  प्रहरी कार्यालय | ११०६ | १ | १० | १ | १११८ |
| १० | जिल्ला प्राविधिक कार्यालय | ५५६ | ३ | ४१ | १ | ६०१ |
| ११ | जिल्ला विकास समिति | ६४४९ | ११३ | ९५ | ४२७१ | १०९२८ |
| १२ | जिल्ला शिक्षा कार्यालय | ८७५६ | ७६ | १ | ३४१ | ९१७४ |
| १३ | जिल्ला जनस्वास्थ्य कार्यालय | १४२३ | २ | ३ | ६२ | १४९० |
| १४ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | १२४ | ० | १ | ० | १२५ |
| १५ | डिभिजन सडक कार्यालय | ३७९४ | २२ | ३८५ | ७७६ | ४९७७ |
| १६ | डिभिजन सहकारी कार्यालय | १२५ | ३ | २ | ० | १३० |
| १७ | महिला तथा वालवालिका कार्यालय | २९१ | १ | ० | १२ | ३०४ |
| १८ | भेंडा विकास फर्म पान सयखोला | १०८ | २ | २ | ० | ११२ |
| १९ | जिल्ला (त्रिशुली) अस्पताल | २७६ | ४ | ४ | १०२ | ३८६ |
| २० | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण उपक्षेत्रीयकार्यालय (हाल जिल्ला समन्वय समितिको सचिवालय) | २४ | ० | ० | ० | २४ |
| २१ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ३८ | ० | ० | ० | ३८ |
| २२ | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | ११२७ | १२ | १२७ | २ | १२६८ |
| २३ | शैक्षिक तालिम केन्द्र | ६२ | ० | ० | ० | ६२ |
| २४ | स्थानीय विकास कोष समितिको सचिवालय | ० | ० | ० | १४१ | १४१ |
| २५ | सिंचाई विकास डिभिजन कार्यालय | ७८९ | १ | ६४ | ० | ८५४ |
| | **जम्मा** | **२८५३३** | **६९८** | **९२६** | **२०५२९** | **५०६८६** |

## लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा

(रु.लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | ईलाका प्रशासन कार्यालय | १३ | ० | ० | ० | १३ |
| २ | ईलाका प्रहरी कार्यालय सिके | १११ | ० | ० | ० | १११ |
| ३ | ईलाका प्रहरी कार्यालय खरानीटार | १०७ | ० | ० | ० | १०७ |
| ४ | उपोष्ण प्रदेशीय वागवानी विकास केन्द्र | १६३ | १३ | ६ | १ | १८३ |
| ५ | चिया  विस्तार योजना | ९ | ० | ० | ० | ९ |
| ६ | जिल्ला अदालत | १६० | २० | १०९ | ० | २८९ |
| ७ | जिल्ला निर्वाचन कार्यालय | ४५ | १ | १ | ४ | ५१ |
| ८ | जिल्ला सरकारी वकिल कार्यालय | ५५ | ० | ० | ० | ५५ |

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| ९ | जिल्ला तथ्याङ्क कार्यालय | ३० | ० | ० | ० | ३० |
| १० | जिल्ला भू-संरक्षण कार्यालय | ३०७ | ० | ० | १ | ३०८ |
| ११ | जिल्ला वन कार्यालय | ४५४ | १४ | ३५ | ३० | ५३३ |
| १२ | जिल्ला नापी कार्यालय | ३१८ | १८ | ६ | ४ | ३४६ |
| १३ | जिल्ला हुलाक कार्यालय | ३२१ | १४ | १ | १०३ | ४३९ |
| १४ | जिल्ला पशुसेवा कार्यालय | ४१७ | २ | ७ | ४ | ४३० |
| १५ | जिल्ला आयोजना कार्यान्वयन इकाई (शहरी विकास) | २०० | १ | १ | ० | २०२ |
| १६ | जिल्ला आयोजना कार्यान्वयन इकाई (जिल्ला प्राविधिक कार्यालय) | १०३० | ० | ० | ० | १०३० |
| १७ | जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) | ३ | ० | ० | ० | ३ |
| १८ | जिल्ला ट्राफिक प्रहरी कार्यालय | ० | ३७ | ० | ० | ३७ |
| १९ | मालपोत कार्यालय | ९६ | २३ | ३२ | ६४७ | ७९८ |
| २० | मत्स्य अनुसन्धान केन्द्र | २९७ | ० | ७ | ० | ३०४ |
| २१ | स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालय | २९ | ० | ० | ० | २९ |
| २२ | शैन्य तालिम केन्द्र | २६२५ | ० | ४६ | ० | २६७१ |
| २३ | श्रीनाथ गण | २१५८ | १ | २० | ० | २१७९ |
| | **जम्मा** | **८९४८** | **१४४** | **२७१** | **७९४** | **१०१५७** |
| | **कूलजम्मा** | **३७४८१** | **८४२** | **११९७** | **२१३२३** | **६०८४३** |

अनुसूची २

# बेरुजूको स्थिति

(रु.हजारमा)

| क.स. | कार्यालयको नाम | सुरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १ | कारागार कार्यालय | ३ | ६०० | १ | ० | २ | ० | ० | ६०० | ६०० | ० | ० | ० |
| २ | कोष तथा लेखा नियन्त्रक कार्यालय | १ | १० | १ | १० | ० | ० | ० | ० | ० | ० | १० | १० |
| ३ | खानेपानी  तथा सरसफाई डिभिजन कार्यालय | १२ | ३९७६ | ३ | १४४९ | ९ | ११० | २४१७ | - | २५२७ | ० | ९ | ९ |
| ४ | घरेलु तथा साना उद्योग विकास समिति | ५ | ५७ | १ | ० | ४ | १ | ५६ | ० | ५७ | ० | ० | ० |
| ५ | जल उत्पन्न नियन्त्रण प्रकोप नियन्त्रण डि.का. | ५ | ३७८३२ | २ | ० | ३ | ४४२ | ३७३९० | ० | ३७८३२ | ० | ० | ० |
| ६ | जिल्ला कृषि विकास कार्यालय | ४ | २८ | १ | ० | ३ | २ | २६ | ० | २८ | ९ | ० | ९ |
| ७ | जिल्ला प्रशासन कार्यालय | ५ | १७५८८०३ | १ | ० | ४ | ० | ० | १७५८८०३ | १७५८८०३ | ० | ० | ० |
| ८ | जिल्ला प्राविधिक कार्यालय | ६ | २३०७ | ० | ० | ६ | २८८ | ० | २०१९ | २३०७ | ० | ० | ० |
| ९ | जिल्ला विकास समिति | २० | १००१४२ | ४ | ० | १६ | ० | ५१०४ | ९५०३८ | १००१४२ | ३९ | ० | ३९ |
| १० | जिल्ला शिक्षा कार्यालय | १३ | ४३६५८ | २ | ० | ११ | ३२० | ४३३३८ | ० | ४३६५८ | ० | ० | ० |
| ११ | जिल्ला जनस्वास्थ्य कार्यालय | १४ | १४१३ | १ | ० | १३ | ९७ | १३०९ | ७ | १४१३ | ० | ० | ० |
| १२ | डिभिजन सडक कार्यालय | १७ | १५२१२० | ४ | ० | १३ | ६४ | १०९७६ | १४१०८० | १५२१२० | ० | ० | ० |
| १३ | डिभिजन सहकारी कार्यालय | ८ | ४२३९ | ४ | ० | ४ | ० | ६१ | ४१७८ | ४२३९ | ० | ० | ० |
| १४ | महिला तथा वालवालिका कार्यालय | ३ | २०० | १ | ० | २ | ० | २०० | ० | २०० | ० | ० | ० |
| १५ | भेंडा विकास फर्म पान सयखोला | २ | ४ | ० | ० | २ | ४ | ० | ० | ४ | ० | ० | ० |
| १६ | जिल्ला (त्रिशुली) अस्पताल | २३ | ४५०७ | ५ | ० | १८ | ३१३ | ३२५८ | ९२६ | ४५०७ | ० | ० | ० |
| १७ | पुनर्निर्माण उपक्षेत्रीय कार्यालय | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| १८ | शहरी विकास तथा भवन निर्माण डि.का. | १० | १०६१६ | २ | ० | ८ | १५१० | १२०२ | ७९०४ | १०६१६ | ० | ० | ० |
| १९ | शैक्षिक तालिम केन्द्र | ५ | ३२९ | ३ | ० | २ | ० | ३२९ | ० | ३२९ | ० | ० | ० |
| २० | स्थानीय विकास कोष समितिको सचिवालय | ४ | ० | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| २१ | सिंचाई विकास डिभिजन कार्यालय | ७ | १८६५ | १ | ० | ६ | ० | ० | १८६५ | १८६५ | ० | ० | ० |
| २२ | जिल्ला सरकारी वकिल कार्यालय | १ | १८४४ | ० | ० | १ | ० | ० | १८४४ | १८४४ | ० | ० | ० |
| २३ | जिल्ला तथ्यांक कार्यालय | १ | २ | ० | ० | १ | २ | ० | ० | २ | ० | ० | ० |
| २४ | जिल्ला भू संरक्षण कार्यालय | १ | २३८ | ० | ० | १ | ० | २३८ | ० | २३८ | ० | ० | ० |
| २५ | जिल्ला हुलाक कार्यालय | ६ | २ | ० | ० | ६ | २ | ० | ० | २ | ० | ० | ० |
| २६ | जिल्ला आयोजना कार्यान्वयन इकाई (आवाश) | १ | ४३९८ | ० | ० | १ | ० | ० | ४३९८ | ४३९८ | ० | ० | ० |
| २७ | मत्स्य अनुसन्धान केन्द्र | १३ | ६ | ० | ० | १३ | ६ | ० | ० | ६ | ० | ० | ० |
| | **जम्मा** | **१९१** | **२१२९१९६** | **३९** | **१४५९** | **१५२** | **३१६१** | **१०५९०४** | **२०१८०६२** | **२१२७७३७** | **४८** | **१९** | **६७** |

द्रष्टव्य: ** बेरुजूको दफाअन्तर्गत सैद्धान्तिक र लगतीदुवैको जम्मा संख्या समावेश छ ।*

** प्रारम्भिक प्रतिबेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसुचीमा बाँकी दफा कायम गरिएको छ ।*

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखाप्रमुख |
|---|---|---|---|
| १ | जिल्ला कारागार कार्यालय | श्री टंकराजचिमौरिया | श्री रामकृष्ण अधिकारी |
| २ | कृषि विकास कार्यालय | श्री महेश रेग्मी | श्री गोकर्ण कोइराला |
| ३ | स्थानीय विकास कोष समितिको सचिवालय | श्री रामहरि पान्डे | श्री सुवास पान्डे |
| ४ | जिल्ला प्राविधिक कार्यालय | श्री लोकनाथ रेग्मी | श्री सरिताअधिकारी |
| ५ | शैक्षिक तालिम केन्द्र नुवाकोट | श्री अर्जुन वहादुर श्रेष्ठ | श्री यम वहादुर लामा |
| ६ | जिल्ला (त्रिशुली) अस्पताल | श्री सूर्य प्रसाद भुसाल | श्री मनोजकुमार झा<br>श्री विजयरत्न वज्राचार्य |
| ७ | जिल्ला प्रशासन कार्यालय | श्री विष्णु प्रसादपोखरेल | श्री रामजीलम्साल |
| ८ | घरेलु तथा साना उद्योग विकास समिति | श्री रामवहादुर राना | श्री हरि वसन्तशर्मा |
| ९ | डिभिजन सहकारी कार्यालय | श्री शंकरराज पाठक | श्री रजनिस झा |
| १० | महिला तथा वालवालिका कार्यालय | श्री भुला भन्डारी | श्री रामकृष्ण अधिकारी |
| ११ | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री मणिभद्र न्यौपाने | श्री जयराम ढुंगाना |
| १२ | भेंडा विकास फर्म पानसयखोला | श्री हरि प्रसादलोहनी | श्री गोपालवहादुर सापकोटा |
| १३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण उप क्षेत्रीय कार्यालय (हालजिल्ला समन्वय समितिको सचिवालय) | श्री नारायण प्रसाद आचार्य | श्री यम प्रसाद पान्डे |
| १४ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री शिवकुमार श्रेष्ठ | श्री ऋषि घिमिरे |
| १५ | जिल्ला शिक्षा कार्यालय | श्री चन्द्र वहादुर खड्का | श्री यम प्रसाद पान्डे<br>श्री सिर्जना ढकाल |
| १६ | डिभिजन सडक कार्यालय | श्री रोहितकुमार विसुराल | श्री अम्विका प्रसादखनाल |
| १७ | जिल्लाविकास समिति | श्री नारायण प्रसाद<br>श्री रिसाल<br>श्री केशर वहादुर पन्डित | श्री दिपकपौडेल |
| १८ | जिल्ला जन स्वास्थ्य कार्यालय | श्री विश्वरामश्रेष्ठ | श्री शरद कुमार शर्मा |
| १९ | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | श्री रविचन्द्र वोहरा | श्री नारायण प्रसाददाहाल<br>श्री होमशंकर वास्तोला |
| २० | जल उत्पन्न नियन्त्रण प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं ११ | श्री हरि प्रसाद गुरागाईं | श्री जयराम ढुंगाना |
| २१ | सिंचाई विकास डिभिजन कार्यालय | श्री मनोहर रिजाल | श्री सानुवावु गिरी |
| २२ | जिल्ला तथ्यांक कार्यालय | श्री भविश्वर घिमिरे | श्री जयराम ढुंगाना |
| २३ | जिल्ला भू संरक्षण कार्यालय | श्री सुन्दर प्रसाद शर्मा | श्री शीशिर रिजाल |
| २४ | जिल्ला हुलाक कार्यालय | श्री गोपाल प्रसाद अधिकारी | श्री भरत दाश |
| २५ | जिल्ला आयोजना कार्यान्वयन इकाई (आवाश) | श्री रविन्द्र बोहोरा | श्री होमशंकर बास्तोला |
| २६ | मत्स्य अनुसन्धान केन्द्र | श्री अग्नि प्रसाद नेपाल | श्री तिलक राम अधिकारी |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np